पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १ | २०७० साउन ४ गते शुक्रबार (July 19, 2013) | मूल्य रू. ७/-

## संविधान निर्माणका नयाँ विकल्पहरु

काठमाडौँ । नेकपा–माओवादीका उपाध्यक्ष सीपी गजुरेलले आफ्नो पार्टीलाई निर्वाचनमा भाग लिन उत्तरी छिमेकी मुलुक चीनले दवाव नदिएको बताएका छन् । गजुरेल सहित नेकपा–माओवादीका अध्यक्ष मोहन वैद्य हालै चीन भ्रमणमा गएका थिए । चीनमा रहँदा माओवादी नेताहरूले चीनको कम्युनिस्ट पार्टीको अन्तराष्ट्रिय विभागमा उपप्रमुख सहित छ जना पदाधिकारीहरूसँग दुई दिन छलफल गरेका थिए ।

चीन भ्रमणबाट फर्किएपछि नेकपा–माओवादीका उपाध्यक्ष गजुरेलले गोलमेच सम्मेलनबाट दलका प्रतिनिधि र संविधानविद् रहेका सुझाव समिति बनाएर संविधानको मस्यौदा तयार पार्नुपर्ने विकल्प समेत रहेको बताएका छन् । त्यसलाई अनुमोदन गर्नका लागि सानो आकारको जनप्रतिनिधिसभाको निर्वाचन (बाँकी अन्तिम पेजमा)

## एमाओवादीभित्रको पदीय झगडा छताछुल्ल

# भद्र सहमतिपछि उपद्रो मच्चियो

काठमाडौँ । डा. बाबुराम भट्टराईले राजीनामा गरेपछि विलखवन्दमा परेका प्रचण्डले अनेक प्रस्ताव गरेर पार्टीभित्र चर्किएको पदीय मोहको झगडा मिलाउन प्रयत्न गरे पनि आफूले राजीनामा गर्नुपर्ने नैतिक वाध्यतामा पर्दै गएका अध्यक्ष प्रचण्डले





अन्ततः 'सांगठनिक महाधिवेशन' गर्न बाध्य हुनुपरेको छ । यो महाधिवेशनले प्रचण्डको अध्यक्ष पद बरकरार राखे पनि पार्टीभित्रको प्रचण्ड कमान भने फुस्किएको छ । पार्टीभित्र जुन हैकमवादी प्रवृत्ति थियो, त्यसलाई मोहन वैद्य समूहले झट्कारेका थिए भने बाबुराम भट्टराईले छताछुल्ल पारिदिएका छन् । प्रचण्ड दिनदिनै सत्तामुखी–पदमुखी–आरोपले कमजोर बन्दै गएका छन् ।

प्रचण्ड गुट भन्छ– युद्ध लडेका योद्धा कार्यकर्ता र पार्टीमा ठूलो भाग खान पसेका नवप्रवेशीका कारण ६ महिना अघि भएको हेटौंडा एकताको सातौं महाधिवेशन लक्षित उद्देश्य हासिल गर्न असफल भएको छ ।

पार्टीको केन्द्रीय समिति वैठकमा पदीय

(बाँकी अन्तिम पेजमा)

## गोलमेच गोलचक्करमा फस्यो



काठमाडौँ । वैद्य माओवादी र प्रचण्ड माओवादीबीच अन्तरसंघर्षका कारण राजनीतिक अन्योललाई गोलमेच सम्मेलनबाट समाप्त पारेर निर्वाचनलाई सहज पार्ने काम गोलचच्कर हुन थालेको छ । गत फागुन ३० गतेको ११ बुँदे र चैत्र १ गतेको २५ बुँदे संविधान संशोधन तथा खिलराज सरकारको विघटन लगायतका सर्त राखेर गोलमेच सम्मेलनको माग गर्ने वैद्य माओवादीलाई 'गोलमेचका लागि गोलमेच सम्मेलन' गर्न स्वीकार गरेका चार दलीय सिन्डिकेटको प्रस्तावपछि गोलमेच गोलचक्कर हुन पुगेको हो । (बाँकी अन्तिम पेजमा)

## नयाँ नियुक्ति गर्न एमालेको दबाब

अभियान संवाददाता

काठमाडौँ । तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले गरेको नियुक्तिलाई बदर गर्न नेकपा एमालेले आफ्नो कोटाबाट मन्त्री बनाइएका व्यक्तिहरूलाई आफ्नो पार्टी कार्यालय बल्खु दरबारमै बोलाएर दवाब दिन थालेपछि नेकपा एमालेबाट मन्त्री भएका सूचना तथा सञ्चार, शिक्षा र सामान्य प्रशासन मन्त्री माधव पौडेल र कृषि एवम् वन मन्त्री टेकबहादुर धर्ती धर्मसंकटमा परेको सूत्रले दावी गरेको छ ।

नेकपा एमालेले सिफारिस गरेका सूचना तथा सञ्चार मन्त्री माधव पौडेललाई रेडियो नेपालका कार्यकारी निर्देशक सुरेश कार्की, राष्ट्रिय समाचार समितिका कोमल बराल, नेपाल टेलिभिजनका अध्यक्ष सिताराम अग्रवाल, गोरखापत्र संस्थानका अध्यक्ष



रामकिशोर साहलाई हटाएर एमाले समर्थित व्याक्तिहरूलाई नियुक्त गर्न दवाव दिएको सूत्रको दावी छ । त्यसैगरी चलचित्र सेन्सर बोर्डका सदस्य पनि नेकपा एमाले समर्थित जनसास्कृतिक महासंघका सदस्यलाई नियुक्ति गर्न दवाव परेको छ । केही समय पहिला मन्त्री पौडेलले आफू नजिकका एक व्याक्तिलाई सेन्सर बोर्डमा नियुक्त गर्ने प्रयास गरेपनि नेकपा एमालेको दवाबका कारण उनी असफल भएका थिए ।

उता न्यूनतम पारिश्रमिक निर्धारण समितिमा रहेका एमाओवादीका तर्फबाट नियुक्त भएका गोविन्द आचार्यको पदावधि समाप्त भएको हुनाले त्यहा को लैजाने भन्ने विषयमा नेकपा एमाले मै व्यापक विवाद उब्जिएको छ । रित अध्यक्षको सिफारिस गर्न मन्त्रालयका सहसचिव नारायण सन्जेलको संयोजकत्वमा समिति

(बाँकी अन्तिम पेजमा)

## परम्परा र निरन्तरताको बजेट

अभियान संवाददाता

काठमाडौँ । सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश समेत रहेका खिलराज रेग्मी नेतृत्वको सरकारले सबै राजनैतिक दल खुशी पार्ने उद्देश्यले आर्थिक वर्ष २०७०/७१ को बजेट ल्याएको छ । पूर्वअर्थमन्त्रीहरू सुरेन्द्र पाण्डे, भरतमोहन अधिकारी र वर्षमान पुनका पालामा ल्याइएका अधिकाश कार्यक्रमहरूलाई निरन्तरता दिएर उनीहरूबाट स्यावासी लिने प्रयत्न अर्थमन्त्री शंकर प्रसाद कोइरालाले गरेका छन् ।

निर्वाचित निकाय संसद् नभएको र चुनावी प्रयोजनका लागि मात्र रेग्मी नेतृत्वमा सरकार गठन भएको हुनाले राष्ट्रपति र चार राजनैतिक दलहरूले समेत नयाँ कार्यक्रम बजेटमा नल्याउन



सरकारलाई सुझाव दिएका थिए । कुनै नयाँ कार्यक्रम नै नराखी बजेट ल्याइएको हुनाले यो बजेटलाई परम्परा र

(बाँकी अन्तिम पेजमा)

## निर्वाचन बिथोल्न वैद्यको फर्मान

काठमाडौँ । चीन भ्रमणबाट फर्किएपछि नेकपा–माओवादीका अध्यक्ष मोहन वैद्यले आगामी मंसिर ४ गते गर्ने भनि प्रस्तावित गरिएको संविधानसभाको दोस्रो निर्वाचनमा भाग लिन चीनले कुनै दवाव नदिएको उद्घोष गर्दै ४ गतेको निर्वाचन विथोल्न आफ्ना कार्यकर्तालाई गाउँ–गाउँ जान फर्मान जारी गरेका छन् । चीन भ्रमणबाट फर्किएपछि पहिलो पटक अध्यक्ष वैद्यले आफ्नो पार्टीको नेवा र ताम्सालिङ राज्यस्तरका कार्यकर्तालाई शनिबार प्रशिक्षण दिदै त्यस्तो निर्देशन दिएका हुन् । त्रिभुवन विश्वविद्यालय कीर्तीपुरको अडिटोरियम हलमा आयोजित प्रशिक्षणमा लगभग ६ सय नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

खचाखच भरिएको हलमा अध्यक्ष वैद्यले अहिले मुलुकको राजनीति हाम्रै वरिपरी घुमाउन हामी सफल भएका छौं भन्दै राजनीतिमा हस्तक्षेपकारी (बाँकी अन्तिम पेजमा)

## साइड वर्कर्सको ज्यादतिले हनुमानढोका संकटमा

काठमाडौँ । काठमाडौँ महानगरपालिकाको असक्षमता र नालायकीपनका कारण विश्व सम्पदा सूचीमा सूचिकृत भएको हनुमानढोका क्षेत्रका पुरातात्विक पहिचान खतरामा पर्न सक्ने चेतावनी पत्र युनेस्कोले पठाएको छ । पत्रमा काठमाडौँ महानगरपालिकाले एक निजी कम्पनी साइड वर्कससँग गरेको सम्झौताकै कारण पुरातात्विक पहिचान खतरामा पर्न सक्ने उल्लेख गर्दै त्यसलाई सच्याउन आग्रहसमेत गरेको छ ।

महानगरपालिकाले पहिलोपटक २०६१ सालमा २० वर्षका लागि धरहरा संचालन गर्न सम्झौता गरेको थियो । वर्कसको आग्रह र दबाबमा २०६९ चैत्र ५ गते महानगरपालिकाले पुरक सम्झौता गरेको थियो । साइड वर्कसले नाजायज माग राखेर सम्झौता गर्न सफल भएपछि त्यसैबेलादेखि हनुमानढोका क्षेत्रको सांस्कृतिक तथा

(बाँकी अन्तिम पेजमा)

## ...अझ दूर्दशा हुनेछ...

*शाश्वत शर्मा*

यो मुलुकमा 'नेपाल सरकार' बाहेक एउटा उच्चस्तरीय राजनीतिक समिति भन्ने निकाय पनि छ । संविधानले नचिनेको त्यो समिति को प्रति जिम्मेवार छ ? त्यो त कसैलाई थाहा छैन । तर मान्नु पर्छ कि, त्यो समिति बडा 'पावरफुल' छ । अरूले मान्दिने हो भने, त्यो समितिले लोग्ने मान्छेलाई स्वास्नी मान्छे र स्वास्नी मान्छेलाई लोग्ने मान्छे 'बनाउन' पनि पछि नपर्ने खालको छ । अब जो आफैं असंवैधानिक छ, त्यसले जेमन्त गर्नु स्वभाविक पनि हो । त, त्यही समितिले गत बुधबार एउटा रोचक निर्णय गरेको समाचार प्राप्त भएको छ ।

समाचारमा जनाइएअनुसार उक्त समितिले संविधानसभाको निर्वाचन सम्पन भएको छ महिनाभित्र नयाँ संविधानको मस्यौदा तयार गर्ने प्रतिवद्धता जनाएको छ । अघिल्लो संविधानसभाले चार वर्ष लगाए पनि संविधानको मस्यौदा समेत निर्माण गर्न नसकेको र अहिले संविधानसभा–२ का लागि मंसिर ४ मा हुने भनिएको निर्वाचन समेत झन् झन् अनिश्चित बन्न पुगिरहेको अवस्थामा, त्यो गैरसंवैधानिक उच्चस्तरीय राजनीतिक समितिले त्यस्तो निर्णय गर्दा चैं त्यस्तो निर्णय गरेपछि केही सचेत नेपालीहरूले यसलाई जनतालाई झुक्याउनका लागि फ्याँकिएको अर्को गोटीका रूपमा लिएका छन् । नेपालीमा एउटा उखान छ– 'छोरो पाउन कता कता भोटो सिउनको हतार ' भन्ने । यो निर्णय पनि त्यही हो । आफूहरू निर्वाचनका लागि वाधक बन्ने अनि निर्णय गर्दा त्यस्तो गर्ने ? कसैले पत्याउँछ ? के यही अवस्थामा निर्वाचन हुन्छ भन्ने कुरा ? निर्वाचनका लागि मतदाता नामावली संकलन गर्ने कार्यबाहेक गर्नु पर्ने अरू कुन चैं कार्य सकिएको छ ?



अरू त अरू सबैलाई समेट्न समेत सकिएको छैन भने, अनि यिनले चुनाव गर्ने ? त्यो पनि छ महिनामै ? आम नेपाली जनतामा एउटा हार्दिक अनुरोध– कृपया अबदेखि यस्ता सिल्ली कुराहरू, झूठा आश्वासनहरू, अनि

(बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# हामी ३१ औं वर्षमा

*नेपाली पत्रकारिता जगतमा केही सहयोग पुऱ्याउने प्रमुख उद्देश्य राखेर यस साप्ताहिक पत्रिकाको पहिलो अंक २०४० साल श्रावणमा प्रकाशित भएको थियो । यस साप्ताहिक पत्रिकाको नाम रन्को साप्ताहिक राखिएकोमा विविध कारणले गर्दा रन्को साप्ताहिकबाट २०४७ सालमा नाम परिवर्तन गरी अहिले अभियान साप्ताहिक नामबाट पत्रिका प्रकाशित भइरहेको ब्यहोरा जानकारी गराउन पाउँदा हामीलाई हर्ष लागेको छ । निश्चय पनि पत्रकारिता सजिलो विषय होइन । त्यसमा पनि स्वतन्त्र पत्रकारिता गर्नु हाम्रो परिवेशमा निकै कठीन कार्य मानिन्छ । पत्रकारिता गरेको र समाचार लेखेवापत नै हाम्रा धेरै मित्रहरूले ज्यान गुमाइसकेका छन् । राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसंगतिकै कारण पत्रकारहरू असुरक्षित भएका छन् । राजनैतिक दलहरूको स्वार्थ अनुकूलका समाचारहरू प्रकाशित नगरिएकै कारण डेकेन्द्रराज थापा, प्रकाश ठकुरी, वीरेन्द्र शाह, उमा सिंह, शिव पौडेले, यादव पौडेल प्रेम गुप्तालगायतका अन्य धेरै पत्रकारहरूको हत्या भएको छ । पत्रकार नै सुरक्षित नभएपछि सर्वसधारण नागरिकहरूको हालत कस्तो होला सहजै अनुमान गर्न सकिन्छ ।*

*मुलुकमा राजनैतिक परिवर्तन भएपछि मुलुकवासीले निकै ठूलो आशा र भरोसा गरेका थिए । पत्रकारिता क्षेत्रमा लाग्ने ब्यक्तिहरूले समेत अब पत्रकारिता क्षेत्रमा सुधार आउने आशा गरेको भएपनि सम्पूर्ण नेपाली जनताको आशा र विश्वासमाथि राजनैतिक दलहरूले बज्र प्रहार गरे, त्यसै अनुरुप पत्रकारिता क्षेत्रमासमेत बज्र प्रहार भयो । राजनैतिक क्षेत्रका पछाडि दौडने पत्रकारबाहके स्वतन्त्र पत्रकारिता गर्ने ब्यक्तिहरूलाई राज्यले वेवास्ता गऱ्यो, अर्थात् उनीहरूलाई राज्यले सौतेनी ब्यवहार गरेर उनीहरूलाई सेवा र सुविधाबाट बञ्चित गरायो । तर त्यति हुँदाहुँदै पनि पत्रकारितामा लगेका ब्यक्तिहरूले हिम्मत हारेनन् र आफ्नो पत्रकारितालाई नै आदर्श मान्दै अगाडि बढेका छन् । यसै क्रममा यस अभियान साप्ताहिकले समेत अनेक प्रकारका दुःख कष्ट सहनु परेको छ । राज्यबाट प्रदान गरिने विज्ञापन लगायतका अन्य सुविधाहरू विभिन्न बहाना गरेर बञ्चित गर्ने गरिएको भए पनि आदरणीय पाठक शुभचिन्तकहरूको मायाले गर्दा हामी ३० औं वर्ष पुरा गरी ३१ औं वर्षमा प्रवेश गर्न सफल भएका छौं । यस साप्ताहिक पत्रिकालाई यहाँसम्म पुऱ्याउन सहयोग र सद्भाव राख्ने सम्पूर्ण आदरणीय पाठक, विज्ञापन दाता तथा शुभचिन्तकहरूलाई हामी धन्यवाद दिन चहान्छौं ।*

*आदरणीय पाठकवृन्द नेपालमा पत्रकारिता गर्नु जोखिमपूर्ण कार्य हो । थोरै समयमा धेरै पत्रकार मित्रहरूको हत्या भएको छ । केहीलाई वेपत्ता पारिएको छ, यस्तो अवस्था विद्यमान रहँदा पनि सरकार भने पत्रकारहरूको सुरक्षा गर्न असफल साबित भएको छ । सरकारको बोली र ब्यवहारमा भिन्नता पाइएको छ । राजनैतिक दलका कार्यकर्ता मारिएमा तत्कालै उनीहरूलाई राहत प्रदान गरिने भएपनि पत्रकारहरूलाई त्यस्तो राहत प्रदान गरिएको छैन । पार्टीगत स्वार्थका लागि राजनैतिक दलका कार्यकर्ताहरूबाटै पत्रकारहरूको हत्या, कुटपिट हुनु र अपहरण गरिनु निश्चय पनि राजनैतिक दलका लागि सुहाउँदो विषय होइन । राजनैतिक दलको पिछलग्गु नभएको खण्डमा स्वतन्त्र रुपमा रहरे पत्रकारिता गर्नु निश्चय पनि यहाँ पहाड फुटाउनु सरह भएको हामीले महसुस गरेका छौं । राज्यको चौथो अ[illegible] मानिने पत्रकारिता जगतको त सुरक्षा दिन सरकार असफल छ भने त्यस्तो सरकारले आफ्ना जनताको कसरी सुरक्षा प्रदान गर्न सक्छ ? यो आफैंमा उब्जिएको प्रमुख प्रश्न हो भने हामीले ठानेका छौं ।*

*अन्त्यमा आजका मितिसम्म यस साप्ताहिक पत्रिकालाई यहाँसम्म ल्याउन सहयोग गर्ने सम्पूर्ण आदरणीय जनसमुदायलाई हार्दिक धन्यवाद दिंदै हाम्रा विज्ञापनदाता, शुभचिन्तक, पाठक, विक्रेतालगायत सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूमा हामी विनम्र अनुरोध गर्न चहान्छौं, अवका दिनमा समेत यस साप्ताहिक पत्रिकाले स्वतन्त्र पत्रकारिताको भूमिका निर्वाह गर्ने कार्यलाई अगाडि बढाउने छ, पित पत्रकारितालाई कहिल्यै बढवा दिने छैन भने कुरामा हामी तपाईंहरूलाई विश्वास दिलाउँदै आउँदा दिनसम्ममा समेत तपाईंहरुको सक्रिय सहयोग र समर्थन रहने आशा गर्दै हामी ३१ औं वर्षमा प्रवेश गरेको छौं । अन्त्यमा हामी सबैलाई पुनः धन्यवाद दिन चहान्छौं ।*

# आखिरी सतीले सरापेको देश न हो यो !

■ **देवेन्द्र चुडाल**

२०७० साल मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन हुने कुरामा शंका उपशंका जन्मिएका छन् । खिलराज रेग्मी नेतृत्वको सरकार र चार दल एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको संयुक्त मोर्चाले निर्वाचन तोकिएकै मितिमा हुने भने पनि जनताले त्यसलाई विश्वास गर्न सेकेका छैनन् । सरकार र चार राजनीतिक दलहरू निर्वाचनको वातावरण बनाउने भन्दा विगार्नेतर्फ नै उन्मुख देखिएका हुनाले शंका उपशंका उब्जिएको हो । रेग्मी नेतृत्वमा रहेको सरकारका मन्त्रीहरू अहिले आ–आफूलाई मन्त्री बनाउन सिफारिस गर्ने दलहरूको स्वार्थपूर्ति गर्नका लागि ज्यानै छाडेर लागेका छन् भने केही मन्त्रीहरू जसरी भए पनि निर्वाचन तोकिएको मितिमा गर्ने ठूला–ठूला डंका पिट्नमै व्यस्त रहेका छन् । केही दिन पहिला गृहमन्त्री माधवप्रसाद घिमिरेले निर्वाचन गराउनको लागि सरकारले जुनसुकै अस्त्र प्रयोग गर्न सक्ने उद्घोष गरे पनि त्यो अस्त्र के हो भन्ने उनले प्रष्ट पार्न सकेका छैनन् । पूर्व मुख्यसचिव समेत रहिसकेका मन्त्री घिमिरेले राज्यले अस्त्र प्रयोग गर्दछ भन्नु आफैंमा विवादास्पद र गैरकानुनी अभिव्यक्ति हो । राज्यले सुरक्षा निकायलाई सही रूपमा प्रयोग गर्न सक्ने अवस्था देखिएको छैन । पछिल्लो समयमा खिलराज रेग्मी नेतृत्वको सरकार नेपाली सेनाका प्रधानसेनापति गौरवशमशेर राणाको इच्छा अनुसार संचालन भएको जस्तो देखिएको छ ।

नेपाल सरकारको नीति निर्देशनमा सेनाको नेतृत्व संचालन हुनु पर्नेमा सेनाको नीति निर्देशनमा सरकार संचालन हुनु भनेको मुलुकको लागि दुर्भाग्यको विषय हो । गौरबशमशेर राणा नेपाली सेनाका प्रधानसेनापति नियुक्त भएकै दिनदेखि उनले सरकारको नीति निर्देशनलाई उल्लंघन गर्दै मनपरी ढंगले सेनालाई संचालन गरिरहेका छन् । त्यसको पछिल्लो प्रमाण हो– सरकारले स्वीकृति नै नगरिकन नेपाली सेनाको पोशाक परिवर्तन गर्ने निर्णय । राणाले पोशाकको टेण्डर मात्र गरेनन् पोशाक सिलाइ गरिसकेपछि मात्र सरकारलाई पोशाक फेर्ने स्वीकृतिका लागि तालुकदार मन्त्रालय रक्षामा फाइल फठाए । सरकारले पोशाक फेर्ने सेनापतिको आग्रहलाई सदर गरेको छैन तर सेनापति राणाले पोशाक परिवर्तन गरी श्रावण १ गतेदेखि त्यही स्वीकृति नभएको पोशाक पहिरिएका छन् । त्यसैले प्रमाणित हुन्छ प्रधानसेनापति राणा सरकारको नीति निर्देशनमा चलेका छैनन् । खिलराज रेग्मी सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश समेत हुन् । न्याय दिने व्यक्ति नै सरकारको प्रमुख रहेका बेला एउटा सचिव सरहको व्यक्तिले नियम कानुनको उल्लंघन गर्दै सरकारी दिर्नेशन बिना नै आफूखुसी निर्णय गर्दै र कार्यान्वयन गर्दै जाने हो भने सेनामार्फत् नै सरकार संचालन किन नगर्ने ? सरकारले दिने नीति निर्देशन पालना गर्नु सेनाको दायित्व भए पनि पछल्लो पटकको सेनाको नेतृत्वको व्यवहार हेर्दा लाग्छ, रेग्मी सरकार सेनाको निर्देशन अनुसार सञ्चालन भएको छ । त्यही कारण हुन सक्छ गृहमन्त्री माधव घिमिरेले तोकिएको समयमा निर्वाचन गर्न सरकारले जुनसुकै अस्त्र प्रयोग गर्न सक्छ भन्नु के सेना अन्तिम अस्त्र हो ?

कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको संयुक्त मोर्चाले मात्र चाहेको अवस्थामा किमार्थ निर्वाचन हुन सक्दैन । एकीकृत नेकपा माओवादी नेतृत्व पनि अहिलेकै अवस्थामा निर्वाचन नहोस् भन्ने चाहानाका साथ अगाडि बढेको देखिन्छ । आफ्नो पार्टीबाट विभाजित भएर गठन भएको नेकपा–माओवादीले गत फागुन ३० गते चार दलबीच भएको ११ बुँदे सहमति र त्यही सहमतिका आधारमा चैत्र १ गते गरेको २५ बुँदे संविधानको बाधा अड्काउ फुकाउ धारा १५८ लाई प्रयोग गरेर संविधानका प्रावधानहरू नै संशोधनप्रति नै आपत्ति जनाउँदै ती विषयहरू खारेज नभएसम्म निर्वाचन हुन नसक्ने ठहर गर्दै जबर्जस्ती निर्वाचन गराउन खोजे निर्वाचन नै विथोल्न फौजी दस्ता नै तयार गरिरहेको अवस्थामा निर्वाचन सम्भव छ त ? एकीकृत नेकपा माओवादीभित्र अहिले अध्यक्ष दाहाल र उपाध्यक्ष डा. बाबुराम भट्टराईबीच शक्ति संघर्षको लडाइँ सडकमा छताछुल्ल भएको छ । एकीकृत नेकपा माओवादी फेरि दाहाल र भट्टराईबीचको शक्ति संघर्षले पार्टी नै विभाजित हुन सक्ने अवस्थामा पुगेको हुनाले अध्यक्ष दाहाल निर्वाचन टार्ने विभिन्न बहाना खोजिरहेका छन् । त्यसैको परिणाम हो जनजाति महासंघले समानुपातिक सिट संख्या घटाउन नहुने भन्दै ज्ञापन पत्र बुझाउन गएका जनजाति महासंघका पदाधिकारीहरूलाई सडक संघर्षमा जान निर्देशन दिनु । पहिला आफैंले गरेको सहमतिलाई फेरि विवादमा ल्याएर जनतालाई सडकमा उतार्न खोज्नुको अर्थ हो मंसिर ४ गते निर्वाचन नहोस् ।

पछिल्लो समयमा दलहरूकै कारण राष्ट्रलाई खोक्रो बनाएर राष्ट्रिय स्वाधीनता र राष्ट्रियताका कुरा उठाइने गरिएको छ । तिनै दलहरूले सरकारको नेतृत्व गर्दा राष्ट्रघाती कार्यहरू गर्न उनीहरू पछि परेका थिएनन्, छैनन् । चार दलद्वारा समर्पित भएको रेग्मी नेतृत्वको सरकारले दक्षिणी छिमेकी मुलुक भारतसँग हालै सम्पन्न गरेको वार्तामा नेपालको हित विपरित इलामको पशुपतिनगर र कपिलवस्तुमा भारतीय चेकपोष्ट राख्न सहमति दिनुले दलहरूको राष्ट्रभक्तिप्रतिको आशंका उब्जिएको छ । राष्ट्रियता र राष्ट्रिय स्वाधीनताको कुरा उठाएर त्यसलाई सत्ता हत्याउने भऱ्याङमात्र बनाइएको विगतको दलहरूको इतिहासलाई हेरेमा प्रष्ट हुन्छ । राष्ट्रियता र राष्ट्रिय स्वाधीनताको पक्षमा जनता रहेका छन् तर जनतालाई ढाँटेर आफ्नै पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वकांक्षा पूरा गर्नका लागि मात्र त्यस्ता कुरा उठाइने गरेको प्रमाणित हुँदै गएको छ । पुष्पकमल दाहाल प्रधानमन्त्री रहेका बेला उनैको पार्टीकी नेतृ हिसिला यमी पर्यटनमन्त्री रहेका बेला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तर उन्नति गर्ने नाममा विमानस्थलको सुरक्षाको जिम्मेवारी भारतलाई दिने मन्त्रीस्तरीय निर्णय गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेकी थिइन् । उक्त प्रस्तावको जनस्तरमा व्यापक विरोध भएपछि प्रस्ताव पर्यटन मन्त्रालयमै फिर्ता पठाइएको थियो । त्यसैले प्रमाणित गर्दछ राष्ट्रियता र राष्ट्रिय स्वाधीनतालाई ठगी खाने भाँडो र सत्ता हत्याउने अन्तिम अस्त्रका रूपमा प्रयोग गरिँदै आएको छ ।

पछिल्लो समयमा 'लोकतन्त्र' शब्दको नै अपमान गरिएको छ । लोकतन्त्र भनेको सबैको लागि हुनुपर्दछ । तर दल र सरकारले लोकतन्त्रको खिल्ली उडाउँदै लोक भनेको नेता र तन्त्र भनेको मनपरी गर्ने परिभाषा गरेर त्यही अनुरूपको व्यवहार देखाउँदै आएका छन् । पञ्चायती व्यवस्थामा समेत तत्कालीन सरकारहरूले पञ्चायत विरोधी नेताहरूलाई स्वास्थ्य उपचारका लागि राज्यकोषबाट खर्च व्यहोर्ने गरी उपचारका लागि विदेश पठाउने गरेको थियो । पार्टीका चौआनी सदस्यहरू विरामी भएको खण्डमा करोडौं रूपैयाँ खर्च गरी विदेश उपचार गर्न पठाउने सरकारले पूर्वप्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठलाई उपचार खर्च दिन नसकिने भन्दै आफ्नो दायित्वबाट पन्छिएको छ । राज्यको दायित्व र कर्तव्य हो आफ्ना नागरिकहरूलाई सुरक्षित राख्नु, गरीब असहायहरूलाई स्वास्थ्य उपचार गरिदिने राज्यको दायित्वबाट सरकार पछि हट्नु किमार्थ उचित हुँदैन । हालै शंकाको भरमा राष्ट्रपति डा. रामवरण यादवलाई उपचारको लागि जापान पठाइयो । जापानमा डाक्टरहरूले उनलाई गम्भीर रोग नलागेको भन्दै स्वदेशमै उपचार गर्न सकिने भनेर फिर्ता पठाए । त्यसैले प्रमाणित हुन्छ नेपालका डाक्टरहरूको योग्यता र दक्षता ? तर फोक्सोमा क्यान्सर भएर भारतको राजधानी नयाँ दिल्लीमा लामो समयदेखि उपचार गराइरहेका पूर्वप्रधानमन्त्री श्रेष्ठको उपचारमा आजसम्म न त राजनीतिक दलहरूले चासो देखाएका छन् न त सरकारले नै । श्रेष्ठ परिवारका अनुसार पञ्चायतकालीन पूर्वप्रधानमन्त्रीहरूलाई स्वास्थ्य उपचारका लागि रकम दिने कुनै व्यवस्था नभएको भन्दै सरकारले खर्च दिन नसकिने जनाउ दिएको छ भन्दै उनीहरूले सर्वसाधारण जनतालाई सहयोग गर्न अनुरोध गरिरहनुले देशको इज्जत र पूर्वप्रधानमन्त्रीहरूप्रति राज्यले गर्ने गरेको व्यवहारले के दर्शाउँछ ? हो मरिचमान एउटा राष्ट्रवादी नेता थिए, उनी एकैपटक प्रधानमन्त्री भएका होइनन, सहायक राज्य हुँदै मन्त्री भए । तत्कालीन राष्ट्रिय पञ्चायतको अध्यक्ष भए त्यसपछि मात्र उनी प्रधानमन्त्री भएका थिए । मुलुकको प्रधानमन्त्री भएका बेला उनले घुस खाएनन्, राष्ट्रघात गरेनन्, आफूले शपथ लिएको संविधानको रक्षा गर्न लडिरहे । भारतले आर्थिक नाकाबन्दी लगाउँदा समेत उनले कसैसँग सम्झौता गरेनन्, जहाजबाट तेल ल्याएरै भए पनि उनले नेपाल र नेपाली जनताको पक्षमा वकालत गरे । बहुदलीय व्यवस्था आएपछि उनी कुनै राजनीतिक पार्टीमा लागेनन्, पार्टी पनि खोलेनन् बरू कुखुरा पालेर जीवन धाने । अहिले तिनै मरिचमान मृत्युसँग जुधिरहँदा स्वास्थ्य उपचार गराउने पैसा नभएर वेदान्त अस्पतालमा लडिरहेका छन् । के उनको अपराध भनेको घुस नखानु थियो, राष्ट्रघात नगर्नु थियो ? जुन संविधानको शपथ लिएका थिए, त्यसलाई ध्वस्त नगर्नु थियो ? विचार र व्यवहार नमिल्नेवित्तिकै पूर्व प्रधानमन्त्री त स्वास्थ्य उपचार गर्न नपाएर अनाहकमा मृत्युको मुखमा पर्दछन् भने सामान्य जनताको हालत कस्तो होला ?

राज्यले आफ्नो दायित्व र कर्तव्य भूलेको र पार्टीगत स्वार्थ पूरा नहुने देखेरै चारदलीय उच्चस्तरीय राजनीतिक संयन्त्रले पनि पूर्व प्रधानमन्त्री श्रेष्ठको उपचार खर्च दिन आफ्नो धुपौरे सरकारलाई आग्रह गरेको छैन । रेग्मी सरकारका मन्त्रीहरू आ–आफ्ना पार्टीका स्वार्थ अनुसारका कार्य गर्न मात्र व्यस्त रहेका हुनाले अब एउटा राष्ट्रवादी नेतालाई बचाउनको लागि नेपाली जनताले नै सहयोग गर्नु पर्ने बेला आएको छ । भारतले लगाएको आर्थिक नाकाबन्दीका बेलामासमेत नेपाली जनतालाई कुनै कठिनाइँ हुन नदिने व्यक्तिका नाममा पूर्वप्रधानमन्त्री मरिचमानलाई लिइन्छ । इतिहास कसैले मेटेर मेटिँदैन, इतिहास भनेको भविष्यमा मार्ग निर्देश गर्ने दस्तावेज हो । इतिहास बांगोटिंगो जस्तो पनि हुनसक्छ तर इतिहास लेख्ने व्यक्तिहरूले कसैलाई काखापाखा गर्नु उचित हुँदैन । भनिन्छ– नेपाल सतीले सरापेको देश हो । भीमसेन थापाकी श्रीमतीले भनेकी थिइन् –नेपालमा भलो गर्ने मान्छेको कहिल्यै भलो नहोस् । नेपाली काँग्रेसभित्रै हेरौं, गणेशमानसिंह त्यस्ता व्यक्ति हुन् उनी जीवनको अन्तिम क्षणसम्म प्रजातन्त्रको लागि लडे तर उनी मृत्युको मुखमा पर्न लाग्दा नेपाली काँग्रेसभित्र अटाएनन्, आफूले पाएको प्रधानमन्त्री पदसमेत अर्कैलाई दिलाए । त्यसै गरी कृष्णप्रसाद भट्टराई राजनीतिमा लागेका हुनाले विवाहसम्म गर्न भ्याएनन् । जिन्दगीभर एउटा छाता र सुरही लिएर एक्लै बसे । पार्टी सभापति भए । दुईपटक त्यही काँग्रेसबाट प्रधानमन्त्री भए पनि अन्तिम क्षणमा उनी पार्टीबाट तिरस्कृत भए, मृत्युसँग लड्दै गर्दा पनि उनलाई पार्टीले हेरेन । उनले रूँदै रूँदै प्राण त्याग गरे । मरिचमानको हालत पनि त्यस्तै हो । राष्ट्रले एउटा राष्ट्रवादी व्यक्तिलाई उपचार खर्च नदिनुको अर्थ ?

*devendrachudal@gmail.com*

# टिपु सुल्तानको बहादुरी, कहाँ सैतानको जस्तो ऐठन


राजन कार्की

बहादुरको इतिहास नै गौरवपूर्ण हुन्छ । राक्षसी प्रवृत्रि भएकाहरू जिम्मेवारीको नाममा ऐठन दिन्छन् र घृणा आर्जन गर्छन् । नेपालको राजनीतिमा टिपुको गौरव देखिन्न, भेटिन्न, सैतानको ऐठनले मर्नु न बाँच्नु पारिरहेको छ । सिपाहीले साम्राज्य खडा गरेको इतिहास हो : 'टिपु सुल्तान' । बाबु हैदर अलिले छोरा टिपुलाई दिमाग यस्तो चिज हो, त्यसलाई चिन्तनमा रगड्नुपर्छ, कोलमा पेलेझैं पेल्नुपर्छ, सास्ती दिनुपर्छ, तव स्वच्छ र सुन्दर सोचको विकास हुनसक्छ भनेर प्रशिक्षण दिए । नभन्दै समस्या, संघर्ष र समाधानका उपायका सुझहरू विकास हुँदै गए र मैसुर साम्राज्य खडा गर्न सफल भए । टिपु सुल्तान इतिहासमा अमर छन्, भूमिपुत्रहरूका लागि प्रेरणाका स्रोत रहेका छन् । बहुदलका लागि दिल्लीको नेतृत्व गर्दै चन्द्रशखेर आए । उनको टोलीमा डीपी त्रिपाठी, हरकिसन सिंह, डा.फारूकी, एमजे अकवर, सुब्रमण्यम स्वामीहरू गणेशमान निवास चाक्सीबारीमा आए र नेपालको स्वाभिमानमाथि मनलाग्दी हल्लाबोल गरेर गए । त्यही मिसनबाट दागिएको मेसिनगनको मारमा राजा वीरेन्द्रले दलमाथिको प्रतिबन्ध फुकुवा गरे । पञ्चायत सकियो, प्रजातन्त्रको उदय भयो । भुटान बन्न स्वीकार गरे आन्दोलन तुहाइदिन्छु भन्ने दिल्लीको प्रस्तावलाई इन्कार गरेर राजा वीरेन्द्र नेपाली जनताका सामु झुके । तर त्यो प्रजातन्त्र १२ वर्षे कूशासनमा परिणत भयो, ०५२ सालदेखि जनयुद्ध सुरू भयो । त्यो जनयुद्ध ०६२ साल मंसिर ७ गते १२ बुँदेमा घुँडा टेकेपछि थाहा भयो, प्रचण्ड बैद्यहरू पनि दिल्लीकै प्यादा रहेछन् ।०४२ सालमा रामराजाले राजधानीमा बम पड्काउँदा ५ जना मरे, ०२८ सालको झापा बिद्रोहमा आजका एमालेहरूले १३ जनाको घाँटी रेटे, ०४६ सालको जनआन्दोलनमा ७ जना मारिए भने ०६३ को १९ दिने जनआन्दोलमा २६ जना मारिए । १० वर्षे जनयुद्धकालमा १७ हजार २ सय ७४ को हत्या भयो र तिनमा आश्रितमाथिको आततायी प्रहार तथा राष्ट्रको इतिहासको गर्व र वर्तमानका पूर्वाधार ध्वस्त पारियो । यी कुनै पनि परिवर्तनबाट एकजना पनि देशभक्त टिपु सुल्तान जन्मिएनन् । किन ? के यी सबै परिवर्तन विदेशीको चलखेलका उपजमात्र थिए ? नेताहरू सत्ताको सुख र विदेशीको शिखण्डी स्वार्थका औजारमात्र थिए त ?

समयले परिवर्तनका निरन्तर क्रम र राजनीतिक वर्णपट हेर्दा नेताहरू मठाधीशजस्ता देखिन्छन् । यिनलाई नागरिकको योग्यता होइन, अपराधी, हत्यारा, डन र डाँकू अथवा सज्जन भए पनि कीर्तनकर्ताहरूको भीड चाहिएको देखिन्छ । यिनीहरू लोकतन्त्र र देशभक्तिको भाषण गरेर थाक्दैनन् । यिनीहरू आँखा चिम्लेर जनतालाई कच्याककुचुक कुल्चेर सत्ता, शक्ति र पैसाको पछाडि दौडिरहेका देखिन्छन् । किन देशदेखि विदेशसम्म भविष्य अन्धकार छ नेपालीका लागि ? आधा जनसंख्या दैनिक आधा डलरमा बाँच्छन्, ६० लाख युवायुवतीहरू साउदीदेखि इजरायलसम्म, काबुलदेखि लण्डनसम्म यौन र श्रम शोषणमा परेर ज्यूँदै मरिरहेका छन् भन्ने विषय यिनलाई मतलव छैन । नेपालमा नरसंहार नै मच्चियो, त्यतिका रगत बगेपछि लोकतन्त्र आयो, कहाँ आयो ?

जनताले देख्न नपाएको लोकतन्त्र कौडि पिचासहरूलँई आयो । सत्ताका भूत बन्न रूचाउनेहरूलाई आयो । राजनीतिलाई व्यापार ठान्नेहरूलाई आयो । नेताहरूमा चाखो मन र जनताको बलमा उभिने इच्छाशक्ति देखिएन । स्वार्थभन्दा माथि उठ्न कोही तैयार भएनन् । भनिन्छ, लोकतन्त्रको प्राण भनेको जनविश्वास हो । त्यो जनविश्वास आज कुनै नेतासँग छैन । लोकतन्त्रका महारथी ठानिनेहरू नै लोकतन्त्रलाई पेचिलो धक्का दिइरहेका छन् । त्यसैले ९ घण्टाका लागि असार २६ गते नेपाल आएका भारतका विदेशमन्त्रीलाई भेट्न होटल द्वारिकामा नेताहरू खाद्य संस्थानको डिपोअगाडि दार्चुलाबासी चामल किन्न लाम लागेजस्तो नजारा देख्दा लाज लागेर आयो । के ८० करोड बराबरको गाडी दिनमात्र आएका थिए सलमान खुर्सिद ? त्यति गाडी त हरेक वर्ष भारतीय राजदूतले पनि बाँडिरहेका छन् । फेरि किन आए खुर्शिद ? नेपाली नेताहरूलाई दर्शन दिनमात्र आएका थिए कि नेपालको निर्वाचनमा, सत्ता राजनीतिमा, नेपालको परराष्ट्रनीतिमा, नेपालको सुरक्षानीतिमा भारतको चासो छ भनेर सन्देश दिन आएका थिए ? अर्थपूर्ण र गज्जबको घटनाक्रम भनेको अघिल्लो दिन आधारातमै चीनले नेकपा–माओवादीका अध्यक्ष बैद्य र नेता सीपी गजुरेललाई चीन बोलायो भने श्रीमतीको उपचार गर्न गएका प्रचण्ड श्रीमतीलाई सिंगापुरमै छाडेर भारतीय विदेशमन्त्रीलाई भेट गर्नका लागि दौडेर नेपाल आइपुगे र समयमै होटल द्वारिकाज पुगेर लँइनमा बसे । यो चीन र भारतको मन र चुनाव जित्ने लम्पसारनीति नभए के हो ?

दार्शनिक मिनु मसानीको 'इभोल्यूसन थियोरी अफ सर्भाइल' भन्छ– जो सक्षम छ, उमात्र बाँच्न सक्छ । उनको दार्शनिक सिद्धान्त सही हुँदो हो त डायनासोर लोप हुने थिएन, कमिला बाँच्ने थिएन ।

**जनताले देख्न नपाएको लोकतन्त्र कौडि पिचासहरूलाई आयो । सत्ताका भूत बन्न रूचाउनेहरूलाई आयो । राजनीतिलाई व्यापार ठान्नेहरूलाई आयो । नेताहरूमा चाखो मन र जनताको बलमा उभिने इच्छाशक्ति देखिएन । स्वार्थभन्दा माथि उठ्न कोही तैयार भएनन् । भनिन्छ, लोकतन्त्रको प्राण भनेको जनविश्वास हो । त्यो जनविश्वास आज कुनै नेतासँग छैन ।**

चितुवाको एउटा बर्ग दगुर्दा दगुर्दा दहमा पर्‍यो र सार्कको रूपमा आयो । नेपालका सन्दर्भमा मिनु मसानीको सर्भाभल अफ दि फिटेस्टको अर्थ उल्टो बन्न गएको छ । कुनै पनि स्थितिमा जो बाँच्न सक्छ, उ नै सक्षम हो । प्रचण्ड यसका ज्वलन्त उदाहरण हुन् । उनी देशभक्तबाट दिल्लीभक्त, बिस्तारवादविरूद्ध लम्पसार पर्नसक्ने उदाहरण बन्न पुगेका छन् । संविधानसभा बाँचेकै बेला आफूविरूद्ध माओवादीको अविश्वासको प्रस्ताव ल्याउने धम्की सुनेपछि छटपटीमा परेका राष्ट्रपतिले भनेका थिए– भैंसी चराउन जाउँला । 'बन्दुके' प्रचण्ड अहिले पनि बृहत्तर लुम्बिनी विकास योजना कार्यान्वयन गराउन बुद्धलाई काँधमा बोकेर हिडेका छन् । न राष्ट्रपति भैंसी गोठाला बुद्धिबाट स्वाधीनता बचाउने आँट गर्नसके, न प्रचण्डले बुद्धको शान्ति र शुद्धतालाई आत्मसात गर्नसके । कंश र दुर्योधनको अहंकार आज पनि राजनीतिमा व्याप्त छ, लेण्डुप र मिर्जाफरको देशघात नेताहरूमा लिप्त छ । लोकतन्त्र ल्याउन लड्ने सिपाहीहरू स्वाधीनताको साम्राज्य निर्माण गर्न छाडेर मुलुकी बन्दोबस्त बिगारेर 'खतरनाक क्रियचर्सहरू बास गर्ने पेण्डोराको बाकस' बन्न थालेका छन् । सडल राजनीति भनेको यही हो । सडल राजनीति पवित्र नपारिकन हुने निर्वाचन यिनले नै गर्ने र गराउने निर्वाचन हो, कसरी सुफा, शुद्ध र स्वीकार्य हुनसक्ला र ? 'डेभेलपमेन्ट अफ फ्रिडम' मा अमर्त्यसेनले लेखेका छन्– गुलाफको फूल भनेपछि फूलमा सुगन्ध हुनैपर्छ । बसन्त पर्व भन्ने बगैंचाबाट लोकतन्त्र त जन्म्यो तर नेपालको लोकतन्त्रमा लोक भेटिदैनन् ।

इटलीका मुसोलिनीले प्रजातन्त्रलाई अधिनायकवादको जग बनाइदिए । जर्मनीमा हिटलरले नाजीवाद बचाउन जनादेशको बललाई जनतामारा बन्दुक बनाइदिए । ०६३ सालमा नेपालमा भएको परिवर्तन र लोकतन्त्रको स्थापना लोकतन्त्र नै हो कि नेतातन्त्र ? १९८१ मा विश्वबाट दासप्रथा उन्मूलन भएको हो । नेपालमा पनि दासप्रथा छैन, कमलरी र कमैयाप्रथासमेत उन्मूलन भइसकेको छ । तर, नेपाली जनताको सार्वभौमिकता आज पनि नेतातन्त्रको करियाभन्दा भिन्न हालतमा देखिन्न । लोकतन्त्र लोकको दुब्लो अनुहारमा ख्याउटे देखिन्छ । जनता र लोकतन्त्र नेतातन्त्रको बन्धक बन्न पुगेका छन् । नेताहरूका लागि लोकतन्त्रमा लघु ताजमहल, पेरिस दरवार बनिरहेका छन्, सुख तथा सम्भ्रान्त जीवनशैली पनि प्राप्त छ । सुकुमबासी बागमती किनारबाट पनि डोजर लगाएर लखेटिन्छन् र तिनका लागि एक इन्ची जमिन नसिब भइरहेको छैन । समानता र योग्यताको कदर के हो, लोकले बुझेकै छैनन् । कुनै दिन लियो रोज भन्ने दक्षिण एसियाका धुरन्धर विद्वान भन्थे– नेपाल विश्वमै स्वर्गको एकटुक्रा हो । रोजको त्यो स्वर्ग राजनीतिले नरक बनाइसकेको छ । यहाँ तस्करी हुने कस्तुरी, रक्तचन्दनको सुवास खुब चल्छ, भ्रष्टाचार र कमिशनको हुरी नै चल्छ तर सुशासन र सेवाग्राहीका लागि राज्य चल्दैन, राज्यका सबै अङ्ग छन् र पनि राज्य छ भन्ने अनुभूतिसम्म गराउन सक्दैन । यहाँ पोप देखिन्छ, दलाई लामाका क्रियाकलाप पनि देखिन्छ, विदेशीहरूको चलखेल पनि अनुभव गर्न सकिन्छ तर १२६ जातको नेपालमा एकता देखिन्न । भँडुवा राजनीति देखिन्छ, एकताका सूत्र राजनीति देखिन्न । नेपालको सत्ताको साँचो विदेशमा छ भन्ने सुनिन्छ, अन्तर्राष्ट्रिय बिमानस्थल विदेशीलाई जिम्मा लगाउने प्रस्ताव देखिन्छ, लुम्बिनी र पशुपतिनगरमा भारतीय अध्यागमन केन्द्र राख्न दिने सरकार देखिन्छ तर स्वाभिमान भएको, स्वाधीन रहेको न सरकार देखिन्छ, न पार्टी नेताहरू भेटिन्छन् । १८१५ डिसेम्बर २ मा गिर्वाणविक्रमको अधिकार बोकेर गएका गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले बृटिश इण्डियाका कर्णेल पेरिसब्राडसँग ( गोप्य लाभ लिएकोआरोप छ) मिलेमतो मिलाएर जसरी सम्झौता गरे, त्यही सम्झौता ४ मार्च १८१६ मा सुगौली सन्धिका नाममा अनुमोदन भयो । त्यतिबेलाका गजराज र चन्द्रशेखर र अहिलेका चारदलको संयन्त्र र खिलराज सरकारले गरेका देशद्रोही कार्य हेर्दा के भिन्नता रह्यो र ? यस्तो लोकतन्त्रलाई कृष्णावतार भन्ने कि कंशावतार मान्ने ? नयाँ नेपाललाई बैकुण्ठ बनाउँछु भन्नेहरू बैरागलाग्दा भइसके, न जनता बोल्छ, न युवाहरूहरू तात्छन् । मूर्दाहरूले बास बस्ने चिहानजस्तो चिसो कसरी भयो यो वीरहरू र भूमिपुत्रहरूको देश ? राजतन्त्रलाई तासको पत्ताजसरी फेकियो, लोकतन्त्रलाई लाहाको घरजस्तो बनाइदैछ । कुनै दिन बिभाजन र बिखण्डन चाहने शक्तिले आगो झोसिदियो भने हामी हाम्रो पहिचानमा खरानी खरानी हुनेछौं । यति भयानक 'ऐंठन' सुरू भइसक्यो, भ्रष्टाचारको साम्राज्य कहिलेसम्म चलाईरहन दिने ? स्वाधीनताको मुठ्ठी उठाएर अव त युवाशक्ति निस्क ।

## कर्मचारीको तलब १८ प्रतिशत वृद्धि

काठमाडौं । सरकारले निजामती, प्रहरी, जंगी, शिक्षकसहित राष्ट्रसेवक कर्मचारीको तलब १८ प्रतिशतले वृद्धि गरेको छ । तलब वृद्धिका साथै कर्मचारीलाई समान रूपमा थप एक हजार रूपैयाँ भत्तासमेत प्रदान गरिएको छ । कर्मचारीको तलब वृद्धिले वार्षिक झन्डै १६ अर्ब थप व्ययभार थपिने भएको छ । निजामती, जंगी, प्रहरी तथा शिक्षक गरी राष्ट्रसेवक कर्मचारीको संख्या झन्डै पाँच लाख छ ।

तलब वृद्धिसँगै अब कार्यालय सहयोगीको तलब १२ हजार ८ सय पुगेको छ भने मुख्यसचिवको तलब ४० हजार ६ सय ९५ पुगेको छ । कार्यालय सहयोगी र मुख्यसचिवको तलब अनुपात ३ दशमलब १७ पुगेको छ ।

अर्थमन्त्रीले बजेट भाषणमा बढ्दो मूल्यवृद्धिलाई मध्यनजर गर्दै कर्मचारीको हालको तलबमानमा वृद्धि गरिएको बताएका थिए । उनले राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राखी सदाचार प्रवर्द्धन गरी सुशासन कायम गर्न तलब र भत्ता वृद्धि गरिएको पनि उल्लेख गरे । यसबाट कार्यसम्पादनमा सकारात्मक प्रभाव परी सेवा प्रवाह थप प्रभावकारी हुने अपेक्षा उनको छ ।

यसअघि मुख्यसचिव लीलामणि पौडेलको संयोजकत्वमा रहेको तलब पुनरावलोकन समितिले राष्ट्रसेवक कर्मचारीको १८ प्रतिशत तलब वृद्धि गरी समान रूपमा एक हजार महँगी भत्ता उपलब्ध गराउन सरकारलाई सिफारिस गरेको थियो । कर्मचारीको स्थानीय भत्ता, जीवन बिमा, फिल्ड भत्ता, सञ्चित बिदा, पोसाक भत्ता, पर्यटन काज, दैनिक तथा भ्रमण खर्च, टेलिफोनलगायतका सुविधा बढाउन विज्ञको संयोजकत्वमा टोली बनाई अध्ययन गरी सोही टोलीको सिफारिसका आधारमा अन्य सुविधा बढाइने भएको छ ।

**निजामती कर्मचारीको तलब पहिला र अहिले (भत्तासहित)**

| पद | पहिला | अहिले |
|---|---|---|
| कार्यालय सहयोगी | १०००० | १२८०० |
| बहिदार | १०६१० | १३५१८ |
| हल्का सवारीचालक | ११२९० | १४३३२ |
| हेभी सवारीचालक | १२२३० | १५४३१ |
| मुखिया | ११२९० | १४३३२ |
| खरिदार | १३६५० | १७१०७ |
| नायव सुब्बा | १४४८० | १८०८६ |
| शाखाअधिकृत | १८७९० | २३१७२ |
| उपसचिव | २१०८० | २५८७४ |
| सहसचिव | २४७४० | ३०१९३ |
| सचिव | ३१६८० | ३८३८२ |
| मुख्यसचिव | ३३६४० | ४०६९५ |

मालसामान तथा सेवा खरिद बिक्री गर्दा विल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको

अत्यन्त जरुरी सूचना

मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा विक्री गर्दा विक्रेताले क्रेतालाई अनिवार्यरुपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ । विजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयवाट वजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । विक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००।–(पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक विक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा विजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा विजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व बिभाग

# Martyrs' Day: State Terrorism Continues in Kashmir

■ **Sajjad Shaukat**

Youme Shuhada-e-Kashmir (Martyrs' Day) is observed on July 13 every year on both sides of the Line of Control and all over the world by the Kashmiris to pay homage to 22 Kashmiris who were martyred in 1931 to free Kashmir from the brutalities of despotic Dogra rulers . The day is reminder of Indian state terrorism which still continues in order to crush the Kashmiri struggle against its illegal occupation .

However, the history of Dogra rule (1846-1947) in Kashmir is replete with tyrannous treatment, meted out to the Kashmiri Muslims by Dogra forces . Under the Dogra rule, they were leading so miserable life that it was difficult to differentiate them from beasts . Slave labour, heavy taxes, capital punishment for cow slaughter, and living under constant terror was order of the day . In this regard, Yousaf Saraf in his book, 'Kashmiris Fight for Freedom' calls it "free forced labour" and "instead of donkeys and horses, Kashmiri Muslims were used for transportation of goods across the far-flung areas ."

Atrocities of the Dogra regime could also be judged from the book of Sir Walter Lawrence, 'The India We Served' . While describing the pathetic picture of the Kashmiris, he writes, "army was employed in forcing the villagers to plough and sow, and worse still, the soldiers came at harvest time and when the share of the state had been seized" and "there was very little grain to tide the unfortunate peasants over the cruel winf"ter ."

On April 19, 1931, the ban of Eid Khutba ignited widespread demonstrations in the Jummu city for a number of days . It was followed by desecration of the Holy Quran at the hands of Dogra forces, which resulted into outrage among the Muslims throughout the state . In Srinagar, people gathered in Jamia Masjid to denounce this blasphemy . One such get-together was held in Khankah-e-Muella Srinagar, which was addressed by prominent Kashmiris . When the meeting was concluded, a youth, Abdul Qadeer, pointing his finger to the Maharaja's palace, raised slogans "destroy its every brick ." With the accusation of sedition, he was arrested forthwith . Abdul Qadir was to be tried in the court but due to large public resentment, the court was shifted to Central Jail Srinagar .

On July 12, 1931, in response to the shifting of court, intense public protests were held throughout the city . The next day, on July 13, 1931, thousands of people thronged the Central Jail Srinagar to witness the in-camera trial of Abdul Qadeer . As the time for obligatory prayer approached, a young Kashmiri stood for Azan . The Dogra Governor, Ray Zada Tartilok Chand ordered soldiers to open fire at him . When he got martyred, another young man took his place and started Azan . He was also shot dead . In this way, 22 Kashmiris embraced martyrdom in their efforts to complete the Azan .

The people carried the dead and paraded through the streets of Srinagar, chanting slogans against Dogra brutalities . Complete strike was observed in the city, which was followed by weeklong mourning . This incident shook the whole state and the traffic from Srinagar to Rawalpindi and Srinagar to Jammu came to halt from July 13 to 26, 1931 . The 22 martyrs are buried in Martyrs' Graveyard at Khawaja Bazar, Srinagar .

However, instead of granting the people, their genuine right of sefl-determination and holding plebiscite in the controlled territories of Kashmir in accordance with the UN resolutions, various forms of state terrorism have become part of a deliberate campaign by the Indian army and paramilitary forces against the innocent Muslim Kashmiris, especially since 1989 . It has been manifested in brutal tactics such as crackdowns, curfews, illegal detentions, massacre, targeted killings, sieges, burning the houses, torture, disappearances, rape, breaking the legs, molestation of Muslim women and killing of persons through fake encounter .

According to a report on human rights violations in the Indian Occupied Kashmir, from January 1989 to December 2012, there have been deaths of 93,274 innocent Kashmiris, 6,969 custodial killings, 117,345 arrests and 105,861 destructions of houses . Indian brutal security forces have orphaned over 107, 351 children, widowed 22,728 women and gang raped 9,920 women . From January 1, 2013 to June 15, 2013, these atrocities, extrajudicial killings further increased, as the report disclosed .

Besides Human Rights Watch, in its various reports, Amnesty International has also pointed out grave human rights violations in the Indian controlled Kashmir, indicating, "The Muslim majority population in the Kashmir Valley suffers from the repressive tactics of the security forces . Under the Jammu and Kashmir Disturbed Areas Act, and the Armed Forces (Jammu and Kashmir) Special Powers Act and Public Safety Act, security forces personnel have extraordinary powers to shoot suspected persons ." In this respect, European Union passed a resolution on May 11, 2011 about human rights abuses committed by Indian forces in the Indian held Kashmir .

It is of particular attention that in 2008, a rights group reported unmarked graves in 55 villages across the northern regions of Baramulla, Bandipore and Handwara . Then researchers and other groups reported finding thousands of single and mass graves without markers . In this regard, in the last few years, rights groups discovered nearly 3,000 unnamed graves in the various districts of Kashmir .

In this respect, in August, 2011, Indian Jammu and Kashmir State Human Rights Commission (SHRC) officially acknowledged in its report that innocent civilians killed in the two-decade conflict have been buried in unmarked graves . The report indicated 2,156 unidentified bodies which were found in mass graves in various regions of the Indian-held Kashmir . Notably, foreign sources and human rights organisations have revealed that unnamed graves include those innocent persons, killed by the Indian military and paramilitary troops in the fake encounters including those who were tortured to death by the Indian secret agency RAW .

In its recent report China's leading News Agency Xinhua has unearthed more gruesome details on world-stunning unmarked graves in Poonch of the Indian occupied Kashmir . The report revealed the statement of Sofi Aziz Joo, caretaker of a graveyard as saying, "Police and Army used to bring those bodies and direct me to bury them . The bodies were usually bullet-ridden, mutilated, faces disfigured and sometimes without limbs and heads ." While, Association of Parents of Disappeared Persons (APDP) and rights groups have pointed out that more than 10,000 people have disappeared, accusing government forces of staging fake gun battles to cover up killings . They also revealed that suspected persons had been arrested and were murdered through arbitrary executions, and then buried in unmarked graves . It seems that non-condemnation of these Indian massive human rights violations and non-interference for the seettlement of this issue by the so-called civilised international community, especially the US have further encouraged New Delhi to keep on going with its state terrorism on the armless Kashmiri masses . Ignorence of the issue by them involves the risk of nuclear war between Pakistan and India .

Indian authorities are not willing to talk with Kashmiri people on political grounds . New Delhi has reached to a conclusion that only bullet is the right way of dealing with Kashmiris, demanding their right of self-determination . Surprisingly, Indian successive governments are trying to ignore the dynamics of the freedom movement of Kashmiris for the sake of their alien rule . It is notable that dialogue between India and Pakistan took place on a number of occasions, but produced no outcome, prolonging the agony of the subjugated people of the occupied Kashmir due to Indian intransigence .

Nevertheless, observance of Kashmiris' freedom struggle during the Martyrs' Day every year is reaffirmation of the fact that Kashmiris will continue to fight against Indian illicit occupation . In this context, Youme Shuhada-e-Kashmir is an ideal day for Kashmiris to seek inspiration to take their war of liberation to its logical end . At this time of distress, the people of Pakistan's side are sharing the grief of Kashmiri freedom lovers . Pakistan also observes Youme Shudaha-e-Kashmir on July 13, launching a protest against the oppressive polices of Indian occupation, which have continued against the hapless Kashmiris .

Nonetheless, on July 13, all over the world, Kashmiris renew their pledge to continue the ongoing war of liberation for the accomplishment of their right of self-determination and for the independence of Kashmir from the despotic Indian rulers who continue state terrorism in the Indian-controlled Kashmir .

## एपिएफद्वारा घाइतेको उद्धार

सिरहा । सिरहाको कर्जनहा ६ स्थित पूर्व-पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा परी तीन जनाको घटनास्थलमै मृत्यु भएको छ भने ९ जना घाइते भएका छन् । घाइते भएका ९ जनालाई सशस्त्र प्रहरी बलको इमिडियट रेस्पोन्स टीम ( आईआरटी) ले उद्धार गरी उपचारार्थ फुलकुमारी महतो मेमोरियल अस्पताल कर्जनाहामा पठाएको छ । दुर्घटनाबारे जानकारी पाउनासाथ सशस्त्र प्रहरी बल सुरक्षा बेस मिर्चैयाबाट उद्धार कार्यको लागि आईआरटी टोली खटिएको थियो ।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना.४ त ४७४३ नम्बरको ट्र्याक्टर गति अनियन्त्रित भई पल्टन जाँदा उक्त दुर्घटना भएको हो । सो ट्र्याक्टरमा ३० जना यात्रु सवार रहेका थिए । उक्त दुर्घटनामा परी सिरहा जिल्ला इट्टाटार ४ वस्ने ३५ वर्षिया रामसति यादव, ३५ वर्षिय मुकेश यादव र सोही जिल्लाको भिmजाल ३ वस्ने ४५ वर्षिया बुलापदेवी यादवको घटनास्थलमै मृत्यु भएको हो ।

त्यसैगरी पर्साको तुलसीअर्वा-३ स्थित सिक्टा नदीको किनारबाट एपीएफ टोलीले करीब एक सय के.जी.चरेश बरामद गरेको छ । उक्त चरेश सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट भिष्वाबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । गस्तीमा रहेको एपीएफ टोलीलाई देख्नासाथ उल्लेखित चरेस ल्याउने व्यक्ति चरेस छाडी भागेका थिए । एपीएफ टोलीले बरामद चरेश आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाएको छ ।

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

RF

Ritual Freight P. Ltd.

Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# क्रिश्चियनमय बन्दै एमाओवादी

**योजनाबद्ध रुपमा सञ्चार मिडियामा अघोषित रुपमा पश्चिमा साम्राज्यको हितरक्षार्थ प्रयोग गर्नु उनीहरुको अभियान बनेको छ, जुन नेपालका लागि खतरनाक छ। यसकारष मुलुकको रक्षाका लागि आफ्नो परिवार र संस्कृतिको पनि रक्षा गर्न अनिवार्य छ। २०२८ सालको नयाँ शिक्षा रषनीतिबाट प्रवेश गरेको इसाईत्व अहिले चरम र विकृत रुपमा पश्चिमा संस्कृति बोकेर विश्वविद्यालयदेखि सडक, चोक र गल्लीहरुसम्म पुगेको छ।**

■ **अर्जुन ज्ञवाली**

विश्वभरिका इसाईहरूको सहयोगमा बौद्ध तथा हिन्दुराष्ट्र नेपाल र हिन्दु बाहुल्य देशहरूमा सन् १९५० को दशकदेखि ईसाइत्वको प्रभाव सुरू भएको हो । यसको अभियान संस्थागत गर्न न्याउसले एउटा पुस्तकमा लेखेका छन्– 'नेपाल, तिब्बतसहित क्षेत्रमा युद्ध, लोभ र व्यापारद्वारा मात्र पकड राख्न सम्भव छैन । यसका लागि स्थानीय जातिलाई विभाजित गर्नुपर्दछ भन्ने आफैंले लेखेको काठमाडौं प्रतिवेदन सम्झन्छु । यसलाई प्रचण्ड सरकारका कानुन तथा न्यायमन्त्री देव गुरूङले चलाखीपूर्ण तवरले आईएलओ १६९ धारामाथि नेपाललाई फसाएर इसाई मिसनलाई जातीय संघर्षमा विस्तार गर्ने अवसर दिएका हुन् । अब हाम्रा सीआईएका अधिकारीले नेपाल जस्तो गरिब राष्ट्रलाई राष्ट्रसंघमा (१६९ आईएलओ) मार्फत जातीय दंगा प्रवेश गराउन सके हिमालय पर्वतमालालाई हाम्रो मुख्यालयले सताउनेछ । जसलाई प्रचण्ड र माओवादीले पूरा गरेको छ ।'

जसरी दक्षिष कोरियामा इसाई धर्म पुनः कमजोर हुनसक्ने स्थितिलाई मध्यनगर गरी विश्वविद्यालयमा प्राज्ञिक खेती गर्न र युवा धनलाई इसाई प्रवेशद्वारा नजिक गराउन धर्मप्रचारको थालनी गरियो । यहाँबाट प्राज्ञिक खेती सफल भयो । त्यसरी नै नेपालमा पञ्च र मण्डलेहरूले संविधानमा एक शब्द हिन्दुराष्ट्र राख्दै नयाँ शिक्षामार्फत क्रिसचियानिटी सुरू गरे । यो अभियानको थालनी गरेको दुई महिना पनि नबित्दै ती विद्यार्थीका कारण उनीहरूले मण्डलीको आकार विष्फोटक अवस्थामा पुगेको पाइन्छ । पछि विश्वविद्यालयका डिनले प्रा.योङउ किमलाई पढाइ उक्त मण्डलीमा विद्यार्थीको प्रवाह रोक्न भेट्न पठाएका थिए । तर उनी त्यहीं आबद्ध भए । विश्वविद्यालय र गिर्जाघरबीच विवाद बढ्दै गयो । यही क्रममा कट्टर इसाई मतका धर्मान्तरष भएका प्राध्यापक र विद्यार्थीहरू पनि निष्कासित भए । नेपालमा पञ्चायतको नयाँ शिक्षाबाट विश्वविद्यालयमा प्रवेश गरेको मन्दविषले २०४६ सालको परिवर्तनपछि तीव्र रूपमा छलाङ मार्‍यो । अहिले यहाँको उत्पादन हाम्रा लागि होइन, पश्चिमाका लागि भएको छ । अहिले काठमाडौंमा माल्पी इन्टरनेसनल एकेडेमीमार्फतका केही स्कुलमा बाइबल अनिवार्य रूपमा राखिएको छ । जुन खतरनाक छ, भोलिका लागि ।

स्पष्ट भाषामा भन्नुपर्दा साम्यवादी र प्रजातान्त्रिक राष्ट्रहरूमा इसाईत्वको राजनीतिक जरा गाड्न अहिले दक्षिष कोरियन भूमि खतरनाक प्रयोगमा आएको छ । सन् १९७५ देखि नै पास्टर सन म्योङ मुनले न्युयोर्कमा रहेको इसाई ब्रदर क्याथोलिक सेभिनेरीलाई खरिद गरेर एकीकरष थेउलोज्ञी सेभिनरी (अर्थात् बाइबल स्टडी) सुरू गरेका मुनको नेपालमा खेलिरहेको भूमिका कम खतरनाक छैन । नेपाली राजनीतिमा मुनको संस्थाले अग्राधिकार जमाउन नेपाल परिवार दल खडा गरेको छ । त्यसका अध्यक्ष एकनाथ ढकाल बाबुरामका असली कार्यकर्ता झैं विश्वास प्राप्त व्यक्ति थिए । उनकै सक्रियतामा भारत, बेलायत र कोरियाका केही खुफिया एजेन्सीसँग सम्पर्कको काम गरिरहेका थिए । जसलाई बाबुराम भट्टराईले सरकारमा महज्ञद्धण्वपूर्ण स्थान दिएका थिए, गुरूआमा यलिनरकै सुझाव र सल्लाहमा । हिन्दु तथा बौद्ध परिवारलाई क्रमश ईसाइत्वको पारिवारिक तथा सामाजिक रूपान्तरषगर्न प्रशस्त गृहकार्य गरिरहेको पाइन्छ । एसिया पब्लिक पिस एम्बेसडर संस्थामार्फत एक देशको नागरिक अरू देशका नागरिकसँग विवाह गराउने प्रलोभन देखाएर नेपालका युवायुवतीहरूको सांस्कृतिक पारिवारिक पृष्ठभूमि खलबल्याउन उद्यत् रहेका यस्ता संस्थाहरू नेपालमा सक्रिय छन् । जसरी विश्वविद्यालयमार्फत विद्यार्थीहरूमाथि नै प्रहार गरिएको थियो, त्यसरी नै सांस्कृतिक रूपमा ठिमाहा सन्तान उत्पादन गर्ने लक्ष्यसाथ दीर्घकालीन रषनीति अपनाइएको छ । यसप्रकारको अन्तरजातीय विवाहमा बाँधिएका बरबधुका परिवारजनको समस्या र एक अर्काको सांस्कृतिक मनोवैज्ञानिक पृष्ठभूमिको पृथकताले उब्जने नैराश्यताले भरिने गरेको पाइन्छ ।

सन् १९६५ मा दस महिनाभित्र ४० देशको भ्रमष गरेका पास्टर सनम्योङ मुन जसलाई इसाई सञ्जालको निमित्त प्रशस्त वैदेशिक सहयोग प्राप्त भएको छ । यतिबेला उनी माओवादी पार्टी विशेषतः प्रचण्ड र बाबुरामहरूमार्फत नेपालमा सक्रिय छन् । सन् १९७५ मै उनले बीपी कोइरालालाई काठमाडौं जर्मन मुलुकका नागरिक शदुनरलाई भेट्न पठाएको पाइन्छ । विश्व इसाई अभियानलाई सशक्त बनाउन नेपाल र दक्षिष एसियामा अभियान नै चलिरहेको छ । नेपालको दरबार हत्याकाण्डमा पनि अन्तर्राष्ट्रियस्तरमा सैन्य हस्तक्षेपद्वारा भएको खुलासा हुँदै आएको छ । दरबारको सुरक्षा गर्ने नेपाली सेना जसका उच्च हाकिमका छोराछोरीहरू सेन्ट म्यारिज, जेभियर्सजस्ता स्कुलमा बिनाशुल्क पढ्ने गर्दछन् । राष्ट्रसंघको आवरणमा सेनाभित्र पकड जमाइसकेको पश्चिमा सञ्जाल नै दरबार हत्याकाण्ड गराउन सफल भएको हो भनिन्छ ।

नेपालमा अहिले सक्रिय पास्टर सनम्योङ मुनलाई कोरियाली जनताको विरूद्धमा एवं विश्व इसाईकरषको पक्षमा मुनले पाश्चात्य सेनासँग मिलेर देशद्रोह गरेको अभियोग पनि लागेको थियो । सन् १९५५ जुन ४ मा कोरियाली प्रहरीले मुनलाई जेल सजाय सुनाएको थियो । प्रवासी नेपाली पत्रकारमाझ उनको गहिरो प्रभाव छ । ऐपेकमार्फत् प्रचण्डको आवरणमा बौद्धको जन्मस्थल लुम्बिनी कब्जा गर्ने अभियानमा उनको भूमिका महत्वपूर्ण थियो । यहाँसम्म कि राष्ट्रसंघीय महासचिव वानकी मुन प्रचण्डको निम्तोमा लुम्बिनी आउने कुराको विरोध भएपछि नेपालमा आफूलाई प्रभावशाली दाबी गर्ने एक दैनिकमा वान कि मुन बुद्धिस्ट भएकाले चाहना राखेको भनेर लेखाइयो । जबकि उनी क्रिस्चियन हुन् । यसबापत कतिपय प्रवासी पत्रकारहरू मोटो रकममा बिक्री भएको सहजै बुझ्न सकिन्छ ।

कोरियाको सैनिक सेवा छाडेर अमेरिकी सैन्य विभागमा प्रवेश गरेका मुनले इसाईत्वको प्रभाव विस्तार गर्न कूटनीतिक र आथिर्क प्रलोभन दिने गरेका छन् । उनी काठमाडौंलगायत पोखरा, विराटनगर जस्ता नेपालका सहर बजार र सदरमुकाम वरिपरि समाजसेवाको आवरषमा भेटिन्छन् । उनी डटपेन बिक्री गर्ने बहानामा बाइबल प्रचारमा देखिन्छन् । बाहिर जिल्लाबाट उच्चशिक्षाका लागि सहरका कलेजहरूमा पढ्ने सुन्दर भविष्यको खोजीमा रहेका युवालाई उनीहरूको यौवन उमेर जतिबेला धर्म संस्कृतिप्रति खासै रूचि हुँदैन, वैदेशिक यात्राको प्रलोभन दिई प्रयोग गरिएको छ । धामिर्क, सांस्कृतिक एवं आध्यात्मिक विचलन पैदा गरी नेपाली समाजलाई भाँड्ने र यहाँको संस्कृति असमिता लोप गराई इसाईत्वको मन्दविष प्रवाह गर्न कलिला युवायुवतीलाई प्रयोग गरिएको छ । यही अभियानअन्तर्गत कुनै समय पास्टर मुनका चेला पद्यरत्न तुलाधरले गाई काट्ने उद्घोष गरेका थिए । यसलाई अझ अघि बढाउँदै माओवादीले संस्कृत विश्वविद्यालयका प्राचार्यहरूमाथि हमला गरे । त्यति मात्र होइन, कम्युनिस्ट आवरषमा मार्क्सवादी विद्वान र विश्लेषणको आवरषमा प्रायोजित लेखकदेखि उनीहरूका मात्र लेखरचना, अन्तर्वार्ता र स्तम्भको रूपमा प्रकाशन गर्नसमेत कतिपय सञ्चार मिडियामा पत्रकारहरूलाई मोटो रकमका साथ इसाई संस्थाहरूले प्रयोग गरेका छन् । जोन केनेथ न्याउस भारतको विषयमा लेख्छन्, 'यदि जातीय द्वन्द्वले भारतको राष्ट्रिय असतित्वलाई तत्काल खतरा नपुग्ने हो भने भारत सहमत हुन्छ, किनकि यहाँ दुई शताब्दीभन्दा बढी ब्रिटिस शासनको व्यापक प्रभाव छ । यो स्थितिमा तिब्बतलाई केन्द्र बनाएर चीनलाई कमजोर पार्ने रणनीतिमा भारतलाई उपयोग गर्न सकिन्छ ।

नेपाल, बर्मा, पाकिस्तान, बंगलादेश, भुटान, भारतसँग तिब्बतकै माध्यम चीनको सीमा जोडिएको छ । यदि तिब्बत चीनबाट छुट्ने हो भने भौगोलिक रूपमा चीनको उक्त देशहरूसँगको सम्बन्ध टुट्नेछ, त्यतिबेला भारतले आफूलाई शक्तिशाली ठान्नेछ । चीनलाई काउन्टर दिनेगरी । यही ललिपपमा भारत र पश्चिमा गठबन्धन कायम भएको हो । चीनलाई कमजोर बनाएपछि भारतलाई पकडमा लिन कठिनाइ छैन, किनकि भारत विभिन्न जातीय, क्षेत्रीय र भौगोलिक अन्तरविरोधमा जेलिएको मुलुक हो । यसरी पश्चिमा साम्राज्यवाद पहाडमा माओवादको ब्यानरमा र तराईमा मधेसवादको ब्यानरमा एउटै उद्देश्यमा केन्द्रित छ । यो अवस्थामा हाम्रो राष्ट्रियताको रक्षा सर्वाधिक चुनौतीपूर्ष रूपमा संकटमा छ । सन् १८३५ मा बेलायती संसद्मा लड म्यकुलेले हिमवत् खण्डमा पश्चिमा स्थापित गर्न सर्वप्रथम यहाँका धर्मसंस्कृति, परम्परा, शिक्षा पद्धतिलाई समाप्त पारेर आफ्नो भाषा, संस्कृति लाद्नुपर्छ भनेर पेस गरेको रषनीति र सन् १९६८ मा सिंगापुरमा भएको क्रिसचियनहरूको एसिया साउथ प्यासिफक कंग्रेसले 'विनिङ एसिया टु क्राइस्ट बाई एसिएन' अर्थात् एसियाका स्थानीय मौलिक धर्मसंस्कृतिहरूलाई समाप्त पारेर क्रिसचियानिटीलाई जिताउन एसियालीलाई नै प्रयोग गर्ने रषनीति अहिले नेपालमा प्रयोगको केन्द्र बनेको छ माओवादको आवरषमा । यसकारष अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरदेखि बेलायती विकासमन्त्री एलेन डंकनको चिन्ता क्रिसचियनीकरषतर्फ हो भन्ने प्रस्टै छ । जसले निरन्तर संस्कृति, राष्ट्रिय पोसाक, वर्ग संघर्ष नभएर जातीय मुद्धाहरू प्रायाजित रूपमा उठाइरहेका छन् । योजनाबद्ध रूपमा सञ्चार मिडियामा अघोषित रूपमा पश्चिमा साम्राज्यको हितरक्षार्थ प्रयोग गर्नु उनीहरूको अभियान बनेको छ, जुन नेपालका लागि खतरनाक छ । यसकारण मुलुकको रक्षाका लागि आफ्नो परिवार र संस्कृतिको पनि रक्षा गर्न अनिवार्य छ । २०२८ सालको नयाँ शिक्षा रणनीतिबाट प्रवेश गरेको इसाईत्व अहिले चरम र विकृत रूपमा पश्चिमा संस्कृति बोकेर विश्वविद्यालयदेखि सडक, चोक र गल्लीहरूसम्म पुगेको छ ।

*arjun@yahoo .com*

## हार्दिक समवेदना



**जन्म**
**वि.सं. २०२७/८/१५**

**स्वर्गारोहण**
**वि.सं. २०७०/३/२२**

**स्व. किरण श्रेष्ठ**

प्रेस काउन्सिल नेपालका सह–प्रकाशकीय अधिकृत तथा हाम्रा पर ममित्र **किरण श्रेष्ठ**को असमायिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको लागि ईश्वरसँग प्रार्थना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति भगवान श्री पशुपतिनाथबाट प्राप्त होस् भन्ने प्रार्थना गर्दछौं ।

देवेन्द्र चुडाल
सम्पादक/प्रकाशक
**अभियान साप्ताहिक**

*तथा*

देवेन्द्र चुडाल
अध्यक्ष
**पत्रपत्रिका अधिकार मञ्च**

*परिवार*



# संघीय गणतन्त्र संस्थागत नभएसम्म लड्नु पर्छ

**नेपालको जनसंख्या २०६८ सालमा सम्पन्न जनगणनाले नेपालको जनसंख्या द्द करोड टद्ध लाख ढद्ध हजार छ सय द्ध तथ्यांकमा देखाएको छ। जसअनुसार मधेशको जनसंख्या बृद्धि भएर छण ।द्दढ प्रतिशत हुन पुगेको छ। यो तथ्यांकले प्रष्ट पारेको छ कि मधेशको जनसंख्या यो मुलुकको जनसंख्याको आधाभन्दा पनि बढी रहेको छ। तर विडम्बना भनौं निर्वाचन आयोग मधेशको जनसंख्या बृद्धि हुनु तर निर्वाचन क्षेत्र नबढाउनु अन्यायपूर्ण र विभेदरहित कानून मधेश विरूद्धमा अझ रहिरहेको प्रष्ट छ।**

■ **हेमन्त झा**

वर्तमान राजनीतिक गतिरोध र चार दलीय संयन्त्रबाट उदय भएको थुप्रै निर्वाचन सम्बन्धित विवादित अध्यादेशहरु तथा वर्तमान खिलराज रेग्मी सरकारद्वारा दोस्रो पटकको संविधानसभाको नयाँ चुनाव निम्ति खेलेको अहिलेसम्मको भूमिकालाई नियाल्ने हो भने वर्तमान अवस्थामा नै चुनाव नहुने संकेत प्रष्ट भएको छ ।संविधानसभाबाट जनताले इच्छाएको संविधान नबन्नु र संविधानसभा विफल हुनु यसलाई दलहरूको राजनीतिक असफलताको प्रमौंण दिएको एक हिसाबले भन्न सकिन्छ, भने अर्को रूपमा जनताको गणतन्त्रसहितको नयाँ संविधान र संघीयता नयाँ संविधानसभाको चुनावबाट नै घोषणा हुनु कतै न कतै संघीयतावादी दलहरूको नैतिक विजय भएको भन्नु यसलाई गलत न होला ।

तर संघीयता विरोधी प्रमुख दल नेपाली कांग्रेस र एमाले संविधानसभाको नयाँ चुनावको मिति घोषणा गर्न रेग्मी सरकारलाई दबाब दिनतिर थौरे बहुत र नयाँ–नयाँ संघीयता विरोधी बखेडाहरु दिनप्रतिदिन सिर्जना गर्नतिर मजबूत रूपमा अघि बढेको पाईन्छ । माओवादी सुप्रिमो प्रचण्ड र स्वयं खिलराज रेग्मी यस प्रकृयामा सह दिने गरेको पाईन्छ ।

थ्रेस होल्ड :

नेपाली कांग्रेस र एमाले दलको आडमा निर्वाचन आयोगले एउटा नयाँ शब्द नेपाली बजारमा ल्याइदिएको छ त्यो हुन थ्रेस होल्ड । यस नियमका अनुसार दलहरूले आउने संविधानसभाको चुनावमा एक प्रतिशत मत पाएको खण्डमा उसलाई मात्र निर्वाचन आयोगले दलको मान्यता दिने प्रावधान रहनेछ । जुन सरासर संघीयता विरोधी पक्षधरहरूलाई सघाउने काम हुने छ । विघटित संविधानसभाको लागि यदि ज्ञ ।छ प्रतिशतको थ्रेसहोल्ड राखिएको भए संविधानसभामा माओवादी, कांग्रेस, एमाले, फोरम र तमलोपासमेत छ दल मात्र सहभागी हुन पाउँथ्यो । यदि १ प्रतिशतको थ्रेसहोल्ड राखिएको भए ठ वटा दलको मात्र प्रतिनिधित्व हुने थियो । शायद त्यतिखेर यो प्रावधान भइदिएको भए त्यो विघटित संविधानसभा संघीयता विरोधीहरूका लागि स्वर्णकाल हुने थियो । मूलतः अहिले माओवादी, कांग्रेस र एमालेको सहमा निर्वाचन आयोगबाट प्रस्ताव गरिएको ज्ञ प्रतिशतको थ्रेसहोल्ड भावी संविधान सभामा संघीयताका पक्षधर मधेशी, जनजाति, दलित, बहिष्करणमा पारिएका तथा अन्य सीमान्तकृत समुदायको उपस्थति घटाउने र संविधान सभामा यी समुदायहरूको प्रवेशलाई निषेध गर्ने एउटा नग्न तस्बिर हो यो ।

**मधेशभित्र निर्वाचन क्षेत्र बृद्धिमाथि बखेडा :**

अर्को विडम्बना हेरौं, नेपालको जनसंख्या २०६८ सालमा सम्पन्न जनगणनाले नेपालको जनसंख्या द्द करोड टद्ध लाख ढद्ध हजार छ सय द्ध तथ्यांकमा देखाएको छ । जसअनुसार मधेशको जनसंख्या बृद्धि भएर छण ।द्दढ प्रतिशत हुन पुगेको छ । यो तथ्यांकले प्रष्ट पारेको छ कि मधेशको जनसंख्या यो मुलुकको जनसंख्याको आधाभन्दा पनि बढी रहेको छ । तर विडम्बना भनौं निर्वाचन आयोग मधेशको जनसंख्या बृद्धि हुनु तर निर्वाचन क्षेत्र नबढाउनु अन्यायपूर्ण र विभेदरहित कानून मधेश विरूद्धमा अझ रहिरहेको प्रष्ट छ । सर्वोच्च अदालतले नयाँ जनगणनाका आधारमा निर्वाचन क्षेत्र पुनः निर्धारण गर्न हेतु निर्वाचन आयोगलाई अन्तरिम आदेश दिएको र क्षेत्र निर्धारण आयोग गठन गर्न समेत उल्लेख भएता पनि निर्वाचन आयोग सर्वोच्चको आदेश समेतलाई उल्लंघन गरी नेपाली कांग्रेस एमाले र माओवादीको इसारामा हिंड्न थालिएको प्रस्ट भएको छ । त्योभन्दा पनि ठूलो नाटक के भइरहेको छ भने अन्तरिम संविधानको धारालाई संशोधन नगरीकनै निर्वाचन क्षेत्रको संख्या टण्ज्ञ बाट घटाएर द्धढज्ञ बनाउनमा चार दलीय संयन्त्र सहमत भयो । तर विडम्बना भनौं यसको प्रावधान अन्तरिम संविधान संशोधन बिना गरियो । यसले चार दलीय संयन्त्र अन्तरिम संविधानको मर्यादा र लोकतन्त्रलाई समाप्त गर्नतिर उन्मुख भएको सिधा–सिधा बुझिएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को १५४ क. ९८० उपधारा ९८० अनुसार जुनसुकै कुरा लेखिएको भए पनि तापिन यो संविधान प्रारम्भ हुँदाका बखत निर्वाचन जिल्लामा कायम रहेका निर्वाचन क्षेत्रभन्दा कम हुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्न सकिने छैन । दोस्रो:९ढ० निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिएको वा उपधारा९ज्ञण ग) बमोजिम पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन । त्यस्तै, नेपालको अन्तरिम संविधान द्दण्टघको टघ बुँदा (घक) उपधारा९घ० को खण्ड ९क० मा जुनसुकै कुरा लेखिएको भएतापिन सो खण्ड बजोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा सम्वत द्दण्छट सालमा तत्काल कायम रहेको प्रतिनिधि सभा सदस्यको निर्वाचन हुँदाका बखत प्रचलित कानूनबमोजिम कायम रहेका प्रशासकीय जिल्लाहरूका निर्वाचन क्षेत्रको संख्यालाई यथावत राखी हिमाली र पहाडी क्षेत्रमा जनसंख्या बृद्धिको आधारमा निर्वाचन क्षेत्र बृद्धि गरिनेछ र त्यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा मधेशको जनसंख्याको प्रतिशतको आधारमा निर्वाचन क्षेत्रको संख्या कम भएका मधेशका प्रशासकीय जिल्लाको निर्वाचन क्षेत्र बृद्धि गरिनेछ । सम्भवतः माथि उल्लेखित धाराहरूलाई निर्वाचन आयोगल नबुझिकनै निर्वाचन क्षेत्रको संख्या घटाउनु यो प्रावधानले दिएको छैन । त्यसमा पनि द्दण्छट मा रहेको निर्वाचन क्षेत्र यथावत रहने स्पष्ट धारामा उल्लेख गरिएको छ । नयाँ जनगणनाअनुसार मधेशको जनसंख्या बढेको छ र पहाडको जनसंख्या घटेको छ तर धारामा एकठाउँमा बढाउन भनेको छ भने अर्को ठाउँमा कुनै पनि हालतमा बढाउन नहुने व्यवस्था भनिएको छ । घटाउने हो भने कहाँ घटाउने हो नियमसंगत बाँझिएको पाईन्छ । तर चार दलीय संयन्त्रले होचुवाको तालमा निर्णय गरेको छ । जुन मधेश विरोध निर्णय रहेको निम्न तथ्यहरूबाट स्पष्ट पुष्टि हुन्छ ।

एमाले आफू संघीयता विरोधी दल भएको प्रष्ट गरे, चुनावको मिति खिलराज रेग्मी सरकारले घोषणा नगर्नु पछाडी एउटै मूल उद्देश्य रहेको छ कि संघीयता पक्षधर मधेशकेन्द्रित दलहरु र आदिवासी जनजाति केन्द्रित दलहरूलाई भावी चुनावमा कुन–कुन शक्तिको प्रयोगबाट यसलाई निस्तेज पार्न सकिन्छ भनेर जसले यिनको प्रतिनिधित्व संविधानसभाको हलमा कसरी न्यून होस् । एमाले नेता रघुजी पन्तले यही मौका छोपी हुने दोस्रो पटकको संविधानसभाको चुनावमा घण प्रतिशतभन्दा कम सिटमा उम्मेदवारी दिने दलले महिलाको सिट संख्या प्रत्यक्षतर्फ बढाउँदै आरक्षित हुने गरी दिन प्रस्ताव गरे जसको विरोध तराई–मधेश लोकतान्त्रिक पार्टीका नेता हृदयेश त्रिपाठीले सिधा–सिधा गरे । यसले मधेशमा महिला उम्मेदवार प्रत्यक्षतर्फ एक/दुईजना लड्ने संख्यामा रहेको विदित हुँदा हुँदै महिलालाई प्रत्यक्षतर्फ संख्या बढाउनु मधेश केन्द्रित दलहरूका लागि घातक साबित हुन्छ । थ्रेस होल्ड ल्याउनु भनेको संघीयता पक्षधर दलहरूको प्रतिनिधित्व अबको संविधान सभाभित्र न्यून राख्नु हो । निर्वाचन क्षेत्र घटाउनु भनेको संघीयता पक्षधरहरूलाई निस्तेज पार्नु राज्यद्वारा गुथिएको नग्न चालबाजी चरित्र हो । संघीयता पक्षधरका लागि अब एउटा खेमामा आएर आन्दोलित हुनु बाहेक कुनै विकल्प नरहेको स्पष्ट देखिएको छ । जनआन्दोलन२ र मधेश आन्दोलनबाट प्राप्त भएको मुलुकको संघीय गणतन्त्र संस्थागत नभएसम्म लड्नु पर्ने यिनको बाध्यता र आवश्यकता हो ।

(मधेश दपर्ण फिचर सेवा )

# भारतीय आणविक ऊर्जा पार्कमा जोखिमपूर्ण खेल

***रन्जित देवराज***

नयाँदिल्ली । गुजरात राज्यको पश्चिमी तटीय जिल्ला भवनगरको मिठी भिर्दी गाउँका भागवत सिंह गोहिल आफ्नो हराभरा पुष्प उद्यानको भविष्यप्रति आजभोलि निकै चिन्तित छन् । "सुख्खा, कठोर समुद्र र भूकम्पबाट जसोतसो जोगाएको उनको पुष्प उद्यान अब आणविक ऊर्जा पार्कका कारण मानव–निर्मित विपद्को खतरामा परेको छ ।" मिठी भिर्दी गाउँबाट टेलिफोनमा आईपीएससँग कुरा गर्दै गोहिलले गुजरात आणविक ऊर्जा पार्क (जीएनपीपी) को सुरक्षा प्रत्याभूति गर्ने सरकारी घोषणाप्रति आफू र स्थानीय गाउँवासीहरूमा विश्वास नरहेको बताए । यो परियोजना निर्माणको कार्य सम्पन्न भएपछि यहाँबाट ६,००० मेगावाट विद्युत् उत्पादन हुनेछ ।

"उनीहरूले ठूला आणविक ऊर्जा प्लान्ट निर्माणका लागि योभन्दा निकै खराब ठाउँहरु छनौट गर्न सक्थे – यहाँ लगातार ठूल्ठूला भूकम्प गएको इतिहास छ र जापानको फुकुसीमाको जस्तै खम्बाटमा सामुद्रिक विपद्को खतरा यहाँ छ । यही ठाउँमा जीएनपीपी आउनु दुःखद हो," गोहिलले बताए । "यसका साथै, गुजरातको पश्चिम तटीय क्षेत्रमा शत्रुतापूर्ण व्यवहार गर्ने पाकिस्तान छिमेकी छ । भविष्यमा हुन सक्ने युद्धमा यो आणविक केन्द्रमा बम हमला भयो भने के हुन्छ ?" मार्च ५ का दिन गोहिल र झण्डै ५,००० स्थानीय गाउँलेले स्थानीय प्रशासनले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रम मौनरूपमा बहिस्कार गरी हिंडे । यो कार्यक्रमको आयोजना जीएनपीपीको निर्माणका लागि स्वीकृति जनाइदिन आयोजना गरिएको थियो । यहाँ वेस्टिङहाउस–तोसिबा कम्पनीका १,००० मेगावाट क्षमताका छवटा आणविक भट्टी राख्ने कार्यक्रम छ ।

"हामी त्यो गैरकानुनी सार्वजनिक सुनुवाइको पक्ष हुन चाहेनौं जसले वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को प्रतिवेदनलाई अनुमोदन गर्ने प्रयत्न गरिरहेको थियो । यो प्रतिवेदनमा धेरैवटा कमजोरी छन् र सुरक्षा पक्षलाई पूर्णत बेवास्ता गरिएको छ जसलाई हामी चाँडै समानान्तर प्रतिवेदनका रूपमा प्रकाशन गर्ने तयारीमा जुटेका छौं," गुजरातमा सक्रिय स्वयमसेवी संस्था पर्यावरण सुरक्षा समितिका नेता रोहित प्रजापतिले बताए ।

"सर्वप्रथम, यो इआइए सार्वजनिक क्षेत्रको परामर्शदाता कम्पनी इन्जिनियर्स इन्डिया लिमिटेड (इआइएल) ले तयार पारेको हो जसले आवश्यक मान्यता नै प्राप्त गरेको छैन र यो तथ्य सरकारकै वेबसाइटबाट छर्लङ्ग हुन्छ," प्रजापतिले बताए । "गाउँलेहरूलाई धोखा दिने प्रयत्न गरिएको थियो, तर उनीहरूले यसलाई स्वीकार गरेनन् ।" कम्पनीलाई दिइएको कार्यादेश अनुसार इआइएलले विस्तृत जोखिम मूल्याङ्कन गरी विपद् व्यवस्थापन योजना प्रस्तुत गर्नुपर्ने थियो, तर अन्तिम दस्तावेजले त्यो जिम्मेवारी पूरा गरेको छैन । "हामीले यो दोषपूर्ण इआइएका बारेमा वातावरण मन्त्रालयमा लिखित विरोध जनाइसकेका छौं," प्रजापतिले भने ।

स्वतन्त्र अनुसन्धाता तथा ब्रसेल्सस्थित विकिरण जोखिमसम्बन्धी युरोपेली आयोगका सदस्य भी.टी. पद्मनाभनका अनुसार आणविक पार्क बनाउने हतारमा वातावरणीय जोखिमजस्ता आधारभूत सुरक्षा पक्षलाई इआइएमा बेवास्ता गरिएको छ । "उदाहरणका लागि, मिठी भिर्दी परियोजनाका निम्ति तयार पारिएको इआइएले उच्चतम बाढीको स्तरका सम्बन्धमा कुनै अध्ययन गरेको छैन जबकी यो क्षेत्र तटीय बाढीका कारण निकै जोखिमयुक्त ठाउँ हो," पद्मनाभनले आईपीएसलाई बताए ।

मार्च ६ मा नयाँ आणविक पार्कका सम्बन्धमा संसद्मा सोधिएका प्रश्नको जवाफ दिंदै प्रधानमन्त्री कार्यालयका मन्त्री भी. नारायणस्वामीले तटीय आणविक ऊर्जा पार्कको निर्माणका क्रममा सम्भाव्य भूकम्प, सुनामी, सामुद्रिक आँधी तथा बाढीजस्ता पक्षलाई विचार गरिएको बताए । "आणविक ऊर्जा प्लान्टको निर्माणमा सुरक्षा सर्वाधिक चासोको विषय हो र निर्माण कम्पनी तथा आणविक ऊर्जा नियामक बोर्ड (एइआरबी) का अलावा अन्तर्राष्ट्रियरूपमा स्वीकृत मापदण्डलाई आधार बनाइएको छ," नारायणस्वामीले संसद् समक्ष स्पष्ट गरे । तर, यो हतारोका सम्बन्धमा गाउँवासी र अधिकारकर्मीहरु मात्र चिन्तित भएका छैनन्, केही हदसम्म अदालतले पनि प्रदर्शनकारीका आवाजलाई सुनेको छ । न्यूक्लियर पावर कर्पोरेसन अफ इन्डिया (एनपीसीआइएल) ले तटीय क्षेत्रमा यो आणविक ऊर्जा परियोजना निर्माणको जिम्मेवारी पाएको छ, र ऊ निकै हतारमा छ ।

मार्च १२ मा दक्षिणी आन्ध्र प्रदेशको उच्च अदालतले एकजना अवकाशप्राप्त तटीय इन्जिनियर जे. रामरावले स्थानीयवासी र माझीहरूका तर्फबाट दायर गरेको निवेदनमाथि सुनुवाइ गर्दै तटीय श्रीकाकुलम जिल्लामा बनाउन लागिएको ९,००० मेगावाट क्षमताको आणविक पार्कको कार्य रोक्न आदेश दिएको थियो । उच्च अदालतले एइआरबीबाट मञ्जुरी समेत नलिइ ६,००० मेगावाट क्षमताको आणविक प्लान्ट राख्न सरकारले किसानको जमिन अधिग्रहण गर्ने प्रयत्न गरिएको कुरालाई ध्यानमा राखी यो फैसला गरेको थियो ।

कोभाडाका स्थानीय बासिन्दा डिसेम्बर २०१२ देखि नै प्रस्ताविक आणविक ऊर्जा प्लान्टको विरोधमा रिले अनसनमा रहेका छन् । उनीहरूको एउटै भनाइ छ, चेर्नोबिल र फुकुसिमाजस्ता आणविक दुर्घटना भए त्यसबाट हुने विकिरणको प्रदूषणले भावी मानव पुस्तामा गम्भीर असर पार्नेछ ।

तर, प्रदर्शन र अदालतको हस्तक्षेपका बाबजूद सरकार सन् २०२० सम्ममा ४० गिगावाट आणविक ऊर्जा उत्पादन गर्ने योजनामा अडिग रहेको छ । यी अधिकांश परियोजनाहरु भारतको तटीय क्षेत्रमा रहेका र निर्माणका विभिन्न चरणमा छन् ।

संसदमा नारायणस्वामीले अप्रिलसम्ममा दक्षिणी तामिलनाडुको कुडानकुलाम आणविक ऊर्जा परियोजना (केएनपीपी) बाट विद्युत् उत्पादन सुरू हुने जानकारी पनि दिए । ९,२०० मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको केएनपीपी भारत र रूसबीच सम्झौता भई सन् १९८८ देखि निर्माण सुरू गरिएको थियो । केएनपीपीले पनि तटीय नियमन क्षेत्र (सीआरजेड) बाट औपचारिक सफाइ लिन बाँकी नै छ । गत नोभेम्बरमा एनपीसीआइएलले सर्वोच्च अदालतमा स्वीकार गरेको थियो कि अनिवार्य पर्यावरणीय स्वीकृति बेगर नै पानीबाट नून हटाउने (डिसालिनेसन) प्लान्ट निर्माण गरिएको छ । यसले विद्यमान नियमलाई कसरी बेवास्ता गरिएको छ भन्ने देखाउँछ । "सिआरजेड स्वीकृति कुनै प्राविधिक औपचारिकता मात्र नभइ भारतको संवेदनशील तटीय क्षेत्रको सुरक्षाका निम्ति डिजाइन गरिएको महत्वपूर्ण कार्यव्यवस्था हो," पद्मनाभनले बताए । तटीय आणविक ऊर्जा प्लान्टको निर्माणमा गरिएको हतारो र भारतीय लालफितासाही कर्मचारीतन्त्रको स्वीकृतिबीच निकै फरक देखिन्छ ।

"हामीले देखिरहेको कुरा भनेकै फुकुसिमा अनुभवको पुनरावृत्ति हो जहाँ संसदीय छानबिनबाट यो केन्द्र बन्द हुनुमा मानवीय कमजोरी नै मुख्य जिम्मेवार छ । साथै सरकार, नियामक संस्था र टोक्यो इलेक्ट्रिक पावर कम्पनीबीचको द्वन्द्वले समस्या निम्त्याएको छ," पद्मनाभनले बताए । आणविक ऊर्जा प्लान्टको निर्माणका क्रममा कमजोर प्रशासन र स्वतन्त्र नियामक संस्थाको अभाव रहेको कुरा भारतीय महालेखा परीक्षकको विभागले समेत औंल्याइसकेको छ ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

# जलवायु परिवर्तनले ल्याएका खतराहरू

*अमान्था परेरा*

हिमालय क्षेत्र र हिमालयको काखमा रहेको फिर्पु रुल्पिङकोटका बासिन्दाहरु खतराको उच्च जोखिममा छन् । जलवायु परिवर्तनको असरबाट उच्च हिमालहरुमा नकारात्मक असर परिरहेकाले भोटेकोशी नदी किनारामा रहेका यी गाउँबासीहरूले ठाउँ खाली गर्नुपर्नेसम्बन्धी चेतावनीयुक्त सन्देशहरु निरन्तर पाइरहेका हुन्छन् ।

हुनपनि उनीहरुको चिन्ता आधारहीन छैन । मिलान विश्वविद्यालयका विज्ञहरुले गरेको अनुसन्धानले हिमालय क्षेत्रको सगरमाथा क्षेत्र अर्थात् खुम्बु क्षेत्रको हिउँरेखामा विगत ५० वर्षमा १८० मिटरले कमी आइसकेको देखाएको छ । यही कारण हिउँ नदीमा १३ प्रतिशतले कमी आएको छ ।

केही दिनअघि सबैको आँखा संसारको सबैभन्दा अग्लो शिखर, ८,८४८ मिटर अग्लो सगरमाथातर्फ एकोहोरिएको थियो । नेपाल र चीनको सीमामा अवस्थित सगरमाथामा मानवले पाइला टेकेको ६० वर्ष पुगेको उपलक्ष्यमा कार्यक्रम भइरहेका थिए । तर मानवले सगरमाथा चुमेको अवसरमा खुशियाली मनाइरहँदा यस क्षेत्रमा हिउँको मात्रा घटेकोमा सर्वत्र चिन्ता छाएको थियो । सगरमाथा क्षेत्रमा हिउँ तीव्ररुपमा घटेको र नाङ्गा चट्टानहरु देखिएको अवस्थाले सबैलाई चिन्तित बनाएको थियो ।

इटाली अनुसन्धाता टोलीको नेतृत्व गरेका सुदीप ठकुरीले तापमान वृद्धिको सम्भावित कारणबाटै निरन्तररुपमा हिउँ पग्लने क्रम बढेको आईपीएसलाई बताए । गत वर्षको तुलनामा यो वर्ष यस क्षेत्रको तापक्रम ०.६ डिग्री सेल्सियसले बढेको उनीहरूको अध्ययनले देखाएको छ ।

यसका साथै, प्राकृतिक बाँधले बररूलाई पग्लनबाट रोक्ने हिउँनदी विस्फोट हुनुमा दुईवटा कारण प्रमुखरुपमा देखिएका छन् जसले तल्लो भेगमा बसोबास गर्ने मानिसलाई जोखिम उत्पन्न गराउँछ । हिउँ पहिरो, भूस्खलन, उच्च पानीको दबाब र हिउँआँधीले हिउँनदी विस्फोट हुनसक्छ जसबाट केही घण्टामै लाखौं क्युबिक मिटर पानी निस्कन्छ र प्राकृतिक प्रकोपको अवस्था सृजना हुन्छ, दिगो विकासप्रति समर्पित गैसस जर्मनवाचले गरेको अध्ययनले देखाएको छ । हिमनदी विस्फोटका घटना नयाँ भने होइनन् र विगतको शताब्दीमा वैज्ञानिकहरूले यस्ता हिउँपोखरी विस्फोटका कम्तीमा ५० वटा घटना भइसकेको जनाएका छन् । तीमध्ये सबैभन्दा ठूलो घटना सन् १९५४ मा तिब्बतको साङवाङ चो हिउँताल विस्फोटका क्रममा भएको थियो । यो तालको विस्फोटबाट तल्लो भेगमा रहेका ग्याङजी (१२० किमी टाढा) र सिगाजे (२०० किमी टाढा) सहरमा बाढी पसेको थियो ।

अहिले, विज्ञहरूले यी तालहरु विगतको भन्दा चाँडो भरिन लागेको र नयाँ तालहरु निर्माण हुनेक्रम पनि तीव्र भइरहेको चेतावनी दिइरहेका छन् । "यदि तापमान वृद्धि निरन्तर भइरहे हिउँनदी पातलिने खतरा अझ बढ्छ," एकीकृत पर्वतीय विकाससम्बन्धी अन्तर्राष्ट्रिय केन्द्र ( इसीमोड) का कार्यक्रम संयोजक प्रदीप मूल भन्छन् । उनी हिमतालको विस्फोटबाट आउने बाढीको प्रकोप निकै बढ्ने खतरा रहेको बताउँछन् ।

इसीमोडको अनुसन्धान अनुसार पश्चिमको अरूणाचलदेखि पूर्वको म्यान्मारसम्म फैलिएको हिन्दुकुश हिमालय क्षेत्रमा २०,००० भन्दा बढी हिमताल रहेका छन् । पूर्वी नेपालको दुधकोशी नदीको जलाधार क्षेत्रमा २७८ वटा हिउँनदी छन् र कतिपय यी नदीहरु वर्षेपिच्छे ७४ मिटरको दरले खिइरहेका छन् । मूलको भनाइमा यो क्षेत्रमा रहेका ३४ वटा तालमध्ये दशवटा खतराको उच्च जोखिममा रहेका छन् ।

मूलले भूकम्पले पनि अर्को खतरा निम्त्याउने बताएका छन् । "हिन्दुकुश हिमालय क्षेत्र भौगर्भिक अस्थिरताको उच्च विन्दुमा छ । भूकम्पले पनि हिमतालहरु विस्फोटन गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ," उनले जोड दिए ।

सेतीखोला क्षेत्रमा विगत ५०० वर्षमा कम्तीमा एउटा हिमताल विस्फोट भएको रेकर्ड उपलब्ध भएको वैज्ञानिकहरूले जनाएका छन् । त्यो विस्फोटनका क्रममा पोखराको पश्चिमी क्षेत्रमा ५० मिटरसम्म ढुङ्गामाटो थुप्रिएको थियो । ठकुरीका अनुसार हिउँनदीको भविष्य मुख्यरुपमा जलवायुमा निर्भर रहेको छ । यी हिमतालको विस्फोटबाट हुन सक्ने क्षतिका बारेमा अझ ठोस वैज्ञानिक अनुसन्धान आवश्यक रहेको उनको भनाइ छ ।

तर हिमालयको काखमा बसोबास गर्नेहरु सम्भावित प्रकोपका दुस्परिणामका बारेमा निकै जानकार छन् । फिर्पु गाउँको माथिल्लो भेगमा रहेको उच्च हिमाली पर्खालमा भिषण वर्षासँगै माटो उप्किएर गहिरा खाल्डा परिरहेको गाउँवासीहरूले देखिरहेका छन् । भोटेकोशी नदीसँगै निर्माण गरिएको लघु जलविद्युत् गृहमा राखिएको चेतावनी प्रणालीले कुनै सम्भावित हिमताल विस्फोटका सम्बन्धमा स्थानीयवासीलाई जानकारी गराउँछ ताकि उनीहरु सुरक्षित स्थानमा जान सकुन् ।

तथापि, विद्युत् गृहका निमित्त व्यवस्थापक जनकराज पन्तले चेतावनीको समयावधि करिब ६ देखि १० मिनेटको मात्र हुने बताए । उनले यो चेतावनी नेपाली सीमाक्षेत्रसम्म मात्र कायम हुने पनि जनाए । तर हिमतालले नोक्सान पुऱ्याउने क्षेत्रहरु नेपालको यो गाउँ र तिब्बतमा रहेका छन् ।

इसीमोडका मूलले हिमताल र त्यहाँ पानीको सतहको राम्रो अनुगमन गर्नुपर्ने आवश्यकता रहेको बताए । हिमतालमा जम्मा भएको अतिरिक्त पानीलाई तालबाहिर निकाल्न नेपाल र भूटानमा केही प्रयत्न भएका छन्, तर मूलका भनाइमा यस्ता सुरक्षात्मक कार्यहरूलाई अझ बढी समन्वयात्मक किसिमबाट गरिनु आवश्यक छ ।

यस्तो कार्यमा आर्थिक पक्ष पनि गाँसिएको छ, किनभने भोटेकोशी उपत्यकाजस्ता क्षेत्र भएर बग्ने नदीहरूमा नेपाली अधिकारीहरूले कम्तीमा चारवटा नयाँ जलविद्युत् गृह निर्माण गर्ने योजना बनाइरहेका छन् ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

# ग्लोबल आइएमईमा गुल्मी विकास, सोसियल डेभलपमेन्ट बैंक गाभिए




ग्लोबल आइएमई बैंकमा सोसियल डेभलपमेण्ट बैंक लि. तथा गुल्मी विकास बैंक लि. लाई गाभी एउटै संस्थाको रूपमा आजदेखि संयुक्त कारोवार संचालन शुआरम्भ गरिएको छ । संयुक्त कारोबार सुभारम्भको नेपाल राष्ट्र बैंकका गर्भनर युवराज खतिवडाले एक कार्यक्रमकाबीच समुदघाटन गर्नुभयो । गत वर्ष मात्रै आइएमई फाइनान्सियल इन्स्टिच्यूशन लि.तथा लर्डवुद्ध फाइनान्स लि. संग मर्जर पश्चात ग्लोवल आईएमई बैंकको नाँउबाट कारोवार सञ्चालन भईरहेको छ । गतवर्ष मर्जर हुंदा बैंकको पुंजी कोष (जगेडा सहित) रू. २ अर्व ५३ करोड, निक्षेप रू. २६ अर्व ९१ करोड, कर्जा लगानी रू. २० अर्व ३० करोड तथा ५८ शाखाहरू रही आएकोमा आजको स्थितिमा बैंकको पुंजीकोष ( अनुमानित नाफावाट सृजित जगेडा सहित) रू. ३ अर्व ४५ करोड, निक्षेप रू. ३२ अर्व र कर्जा लगानी रू. २६ अर्व पुग्नुका साथै ६४ शाखाहरू संचालनमा छन ।

अव सोसियल डेभलपमेन्टका ३ र गुल्मी विकास बैंकका ३ शाखा थप भएपछि बैंकको शाखा संख्या ७० र ६८ वटा एटिएम काउण्टरहरू पुगेका छन् । त्यस्तै, गतवर्ष बैंकको खुद संचालन नाफा रू. ५४ करोडको हाराहारीमा रहेकोमा यो वर्ष कर्जा नोक्सानी व्यवस्था अगाडी बैंक कै इतिहासमा पहिलो पटक रू. १ अर्व भन्दा वढी संचालन मुनाफा गरी सकेको र कर्जा नोक्सानी व्यवस्था पछि पनि संचालन मुनाफा राम्रो रहने छ । ग्लोबल आइएमई बैंक लि. देशको १९ औं वाणिज्य बैंकको रूपमा स्थापना भएको हो तर आज बजारमा निजी क्षेत्रको बैकहरू विच शाखाको हिसावले सवभन्दा अगाडी, तथा व्यवसायको हिसावले १० ठूला बैंकहरूको कममा आइ सकेको छ । वाणिज्य बैंकसंग गतवर्ष पहिलो पटक दुइवटा वित्तीय संस्थाहरू गाभी लिंदा देश मै यो पहिलो घटना भएको थियो भने आज पनि १ वर्ष भित्रै थप दुईवटा वित्तीय संस्थाहरू गाभी लिंदा मर्जरको प्रकृयामा अर्को इतिहास रच्न सफल भएको छ ।

## मेगा बैंकको सेयर बाँडफाँट

काठमाडौं/ मेगा बैंकले सर्वसाधारणका लागि जारी गरेको सेयर आइतबार बाँडफाँट गरिएको छ । बैंकको सेयर १ लाख ४४ हजार ४ सय ५६ जना सर्वसाधारणले पाएका छन् । बैंकले ६९ करोड ९० लाख रूपैयाँबराबरको ६९ लाख ९० हजार कित्ता सेयर गत जेठ १९ देखि २२ सम्म जारी गरेको थियो ।

बैंकले जारी गरेको प्राथमिक सेयरमा १४ अर्ब रूपैयाँको आवेदन परेको थियो । त्यसमा रीतपूर्वक आवेदन नपरेको भन्दै १ लाख २० हजार ४ सय ३७ कित्ता सेयर बाँडफाँटमा समावेश भएको थियो । सेयर बाँडफाँटपछि सबैभन्दा सर्वसाधारण सेयरधनीको प्रतिनिधित्व भएको बैंक भएको प्रमुख कार्यकारी अधिकृत अनिल शाहले बताए ।

## प्रभु बैंकको एकीकृत कारोबार

काठमाडौं/ तीन वित्तीय संस्था गाभिएर बनेको प्रभु विकास बैंकले आइतबारदेखि अनौपचारिक रूपमा एकीकृत कारोबार सुरु गरेको छ । तीन वित्तीय संस्था प्रभु फाइनान्स, संवृद्धि विकास बैंक तथा वैभव फाइनान्स एक-आपसमा गाभिन राष्ट्र बैंकले गत साता अन्तिम स्वीकृति दिएको थियो । तीन संस्थाबीच एकीकृत भई प्रभु विकास बैंकको रूपमा पहिलो शाखा काठमाडौंको सिनामंगलमा सञ्चालन गरिएको छ । सिनामंगलसहित बैंकका शाखा सञ्जाल ४८ र ३ एक्सटेन्सन काउन्टर छन् ।

शाखा उदघाटन बैंकका संस्थापक सेयरधनी खगेन्द्र भट्टचनले गरेका थिए । बैंकको चुक्ता पुँजी ७६ करोड ५९ लाख ६४ हजार, निक्षेप ८ अर्ब र कर्जा लगानी ५ अर्ब ४० करोड रहेको छ ।

## अरनिको बैंकको एकीकृत कारोबार

काठमाडौं/ अरनिको डेभलपमेन्ट बैंक, धुलिखेल, काभ्रेपलाञ्चोक र सूर्य डेभलपमेन्ट बैंक, चरिकोट, दोलखा एक-आपसमा गाभिई आइतबारदेखि अरनिको डेभलपमेन्ट बैंकको रूपमा एकीकृत कारोबार सुरू भएको छ ।

अधिकृत पुंजी ६४ करोड, चुक्ता पुंजी २१ करोड २६ लाख र हाल ७ शाखा सञ्जाल र एक एक्सटेन्सन काउन्टर रहेको अरनिको डेभलपमेन्ट बैंकको कुल निक्षेप ६५ करोड ६२ लाख ३९ हजार २ सय ६० छ । दुवै बैंक एक-आपसमा गाभिई एकीकृत कारोबार गर्न राष्ट्र बैंकले गत असार २६ मा अन्तिम स्वीकृति दिएको थियो ।

## मुक्तिनाथको मुनाफा १५ करोड

कास्की/ पोखरामा मुख्य कार्यालय रहेको मुक्तिनाथ विकास बैंकले आर्थिक वर्ष ०६९/७० असार मसान्तसम्म १५ करोड ३५ लाख सञ्चालन मुनाफा आर्जन गरेको जनाएको छ । बैंकले सोही अवधिमा ३ अर्ब ६६ करोड निक्षेप संकलन र ३ अर्ब ५ करोड कर्जा लगानी गरी मुनाफा आर्जन गरेको प्रमुख कार्यकारीअधिकृत भरतराज ढकालले जानकारी दिए ।

बैंकको हाल चुक्तापुंजी २० करोड रहेको छ भने बैंकिङ कार्यालय १७, ग्रामीण बैंकिङ उपशाखा ५, लघुवित्त इकाइ ४ गरी २६ सम्पर्क कार्यालयबाट ग्राहकलाई सेवा उपलब्ध गराउँदै आएको छ ।

## वाणिज्य बैंक शाखाको नाफा वृद्धि

सुर्खेत/ राष्ट्रिय वाणिज्य बैंक शाखा सुर्खेतले आर्थिक वर्ष ०६९/७० मसान्त अवधिभित्र ५७ प्रतिशत नाफा बढेको जनाएको छ । बैंक शाखाले कर्जामा ६२ प्रतिशत र निक्षेपमा ८२ प्रतिशत बढाउन सफल भएको छ ।

आव ०६९/७० अन्त्यसम्म ३ करोड १९ लाख खुद नाफा आर्जन गर्न सफल भएको बैंकका शाखा प्रबन्धक यज्ञबहादुर बस्नेतले जानकारी दिए । बैंकले आगामी वर्षदेखि कृषि कर्जा सञ्चालनमा ल्याउने उनले बताए ।

## केबलकारको टिकट शुल्क बढ्यो

काठमाडौं/ मनकामना केबलकार प्रालिले बुधबारदेखि टिकट शुल्क बढाएको छ । यसअघिको केबलकार टिकट शुल्क चार सय २५ रुपैयाँबाट बढाएर पाँच सय ७५ रुपैयाँ पुगेको छ । केबलकार चढ्ने बच्चाका लागि दुई सय ५० बाट बढाएर तीन सय ५० कायम गरिएको छ । विदेशी नागरिकका लागि यसअघि १५ डलर लिइँदै आएकामा १ साउनदेखि २० डलर पुऱ्याइएको छ । कम्पनीले गत आर्थिक वर्ष (०६९/७०) मा ९ लाख ६८ हजार ९ सय ८५ जनाले केबलकार चढेको जनाएको छ ।

## सिटीको मुनाफा ११ करोड

कास्की/ पोखरामा मुख्य कार्यालय रहेको सिटी डेभलपमेन्ट बैंकले आव ०६९/७० चैत मसान्तसम्म ११ करोड २५ लाख सञ्चालन मुनाफा आर्जन गरेको जनाएको छ । बैंकले गत आव असारसम्म २ अर्ब ९७ करोड निक्षेप संकलन तथा २ अर्ब ३० करोड कर्जा प्रवाह गरी मुनाफा आर्जन गरेको प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले जानकारी दिए । १० जिल्लामा कार्यक्षेत्र विस्तारको स्वीकृति पाएको बैंकको अधिकृतपुंजी ४० करोड र जारी तथा चुक्ता पुंजी २५ करोड ३७ लाख ३२ हजार ४ सय छ ।

## साना किसान बैंकमा ३६ गुणा बढी आवेदन

काठमाडौं/ साना किसान विकास बैंकले सार्वजनिक निष्कासनका लागि छुट्याएको ६ लाख कित्ता साधारण सेयरमध्ये ३० हजार सेयर कित्ता सामूहिक लगानी कोषका लागि र १८ हजार सेयर कित्ता कर्मचारीका लागि संरक्षित गरी ५ लाख ५२ हजार सेयर कित्ता ०७० असार २३ देखि २६ सम्म बिक्री खुला गरेकोमा करिब ३६ गुणाभन्दा बढी सेयर आवेदन प्राप्त भएको छ ।बैंकले कुल २० करोड जारी पुंजीको ३० प्रतिशत हुने रकमका लागि साधारण सेयर सार्वजनिक निष्कासन गरी बिक्री खुला गरेको थियो । पाँचवटै विकास क्षेत्रमा रहेका २८ वटा संकलन केन्द्रमार्फत ४ दिनमा २३ हजार १ सय १७ आवेदकबाट २ करोड १ लाख सेयर कित्ताका लागि २ अर्ब १ करोड ३२ लाखभन्दा बढीको सेयर आवेदन परेको बैंकले जनाएको छ ।

## संविधान निर्माणका...

गर्नु उचित हुने जिकिर गर्दै संविधान पारित गर्ने निकाय चाहिँ निर्वाचित नै हुनुपर्ने अडान लिएको स्वीकार गरेका छन् । संसारका आधाभन्दा बढी संविधान संविधानसभाभन्दा बाहिरबाटै बनेकोले संविधान बनाउने यो तरिका निर्विकल्प नभएको बताएका छन् । गोलमेच सम्मेलन गरी संविधानसभाका लागि वातावरण बन्दैन भने नयाँ विकल्प खोज्नु पर्ने गजुरेलको भनाई रहेको थियो । चीन भ्रमण सकेर स्वदेश फर्किएकै भोलिपल्ट आफ्नै निवासमा चीन भ्रमणका बारेमा पत्रकारहरूसँग कुरा गर्दै गजुरेलले चीनमा समेत आफूहरूले नेपालको पछिल्लो अवस्थाका बारेमा कुरा उठाएको बताएका थिए ।

संविधानसभाबाट नयाँ संविधान निर्माण नहुने हो भने नयाँ विकल्पहरूका बारेमा सबै दलले सोच्नु पर्ने बताउँदै के यस्तै हो भने कहिल्यै नबन्ने संविधान ? चीनका नेताहरूसँग आफूहरूले अहिले गोलमेचका लागि वार्ता गर्ने, त्यसमा कुरा नमिलेको खण्डमा निर्वाचन बहिस्कार गर्ने बताएको जनाउ दिएको बताएका छन् । हत्या गरिएको संविधानसभाको अनुभव सुनाउँदै गजुरेलले प्रस्ट शब्दमा भने ६०१ जनाको सभाले त संविधान बनाउने होइन रहेछ । सभासद्ले काम गरे तर संविधानको मस्यौदा समेत बन्न सकेन । चार दलका शीर्ष नेताहरूले कुरा मिलाउन नसकेको हुनाले संविधान निर्माण हुन नसकेको हुनाले ठूलो संख्याको संविधानसभा बनाउँदैमा संविधान बन्छ भन्ने होइन भन्दै अनेक विकल्पहरूका बारेमा नयाँ ढंगले सोच्नु पर्ने गजुरेलको तर्क थियो । चिनियाँहरूले एकीकृत नेकपा माओवादीबाट विभाजित भएको पार्टी नेकपा-माओवादीलाई समेत मान्यता दिएको गजुरेलले बताएका छन् ।

## भद्र सहमतिपछि...

जिम्मेवारीको बाँडफाँड गर्न नसकेर विवाद चर्किएपछि त्यो विवाद मिलाउन प्रचण्डलाई फलामकै चिउरा चपाउनु पऱ्यो र संगठनात्मक महाधिवेशनमै जानुपर्ने बाध्यता आइपऱ्यो । एमाओवादीभित्र चर्किएको पदीय बबण्डरले एमाओवादी पार्टीभित्र सुकिलामुकिला, स्वार्थी र पदमोहीहरूको बाहुल्यता कति डरलाग्दोसँग बढेछ भन्ने तस्वीर पनि सार्वजनिक भएको छ । कम्युनिस्टहरू पदलाई भन्दा सिद्धान्तलाई महत्व दिन्छन् भन्ने मान्यताका सबै सीमाहरू एमाओवादी नेताहरूले समाप्त पारिदिएका छन् ।

सांगठानिक महाधिवेशनलाई सकभर संविधानसभाको निर्वाचनलाई सार्न पाए चुनाव जितेर प्रधानमन्त्री बन्ने र सबैलाई सत्तासुखमा अलमल्याउन सकिने रणनीति प्रचण्डको छ । तर डा. बाबुराम भट्टराईलाई 'वरिष्ठ नेता' को सम्मान दिएर भद्र सहमति गरेका प्रचण्डको रणनीतिक मार्गमा भट्टराईकै चंख चालले मच्चाउन थालेको उपद्रो शान्त हुने लक्षण देखिन्न । झन्डै २४ वर्षदेखि माओवादीको शीर्ष नेता भएर बसेका प्रचण्डले निर्वाचनअघि नै पदबाट राजीनामा दिनु परे आश्चर्य हुनेछैन ।

यसैबीच एमालेबाट प्रवेश गरेका उर्मिला अर्याल र रामचन्द्र झाहरूले पार्टी छोड्ने खतरा बढेर गएको बुझिएको छ ।

## गोलमेच...

यसपछि मोहन वैद्य एन्ड कम्पनीले स्पष्ट शब्दमा भनिसकेको छ- त्यसो भए हामी वार्तामा बस्दैनौं । सर्त रहित अथवा सशर्त - अर्थहीन वार्तामा बस्नुको औचित्य छैन । वैद्य माओवादीले मंसिर ४ को निर्वाचन विथोल्न एक निर्वाचन क्षेत्रमा एक टोलीसमेत गठन गरेर निर्वाचन विथोल्ने तालिम दिन थालेपछि निर्वाचनप्रति संशय उत्पन्न भएको छ । आम नागरिकमा असुरक्षा हुने भए किन मतदान गर्न जाने ? भन्ने बहस पनि चलेको सुनिन्छ ।

निषेध र विभेदपूर्ण गोलमेच सम्मेलनले पनि राजनीतिक निकास निकाल्न नसक्ने स्थितिमा ४ दलीय सिन्डिकेटका कारण मुलुकमा अराजकता-हिंसा-अपराध झन् झन् झाँगिने खतरा बढेर गएको छ ।

## नयाँ नियुक्ति...

गठन भएपनि समितिले नाम सिफारिस गर्न सकेको छैन । उक्त समितिमा अध्यक्ष बन्ने सम्भावित उम्मेदवारहरूमा प्रेस चौतारीका पूर्वअध्यक्ष गगन विष्ट, प्रेस युनियनका पूर्व अध्यक्ष समिरजङ्ग शाह, कैलाश चेम्जोङ, चन्द्र किशोर र खेम भण्डारी रहेका भएपनि शाह भने सरकारी कर्मचारी भएको हुनाले उनको सम्भावना न्यून रहेको छ ।

नेकपा एमालेका वरिष्ठ नेताहरूबाटै एक-एक व्यक्तिलाई काखी च्यापेको हुनाले सन्जेल समिति अप्ठ्यारोमा परेको मन्त्रालय सूत्रले जनाएको छ । एमाले अध्यक्ष झलनाथ खनालले विष्ट, माधव नेपालले चेम्जोङ, केपी ओली खेम भण्डारीका पक्षमा वकालत गरिरहेका हुनाले को अध्यक्ष बन्छ भनेर अहिल्यै भन्न सकिने अवस्था छैन । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईद्वारा एक पक्षीय नियुक्ति गरियो भनेर ठूला डंका पिट्ने नेकपा एमालेका नेताहरूले अहिले नेकपा एमालेको सिफारिसमा मन्त्री बनाइएका व्यक्तिहरूले समालेका मन्त्रालय अन्तर्गत पर्ने विभाग र संस्थानहरूमा एकलौटी ढंगले निर्णय गर्न मन्त्रीलाई दवाब दिनु अर्को गलत परम्परा बसाल्न खोज्नु नै हो । यसरी कामचलाउ सरकारले नयाँ नियुक्ति गर्दै जाने र पुरानालाई हटाउँदै जाने हो भने चारदलीय सिन्डिकेटमा समेत समस्या उत्पन्न हुने अवस्था सिजना भएको छ ।

## परम्परा र...

निरन्तरताको बजेट भन्न सकिन्छ । सबै पक्षलाई खुशी पार्न खोज्दा बजेटको आकार बढेको छ ।

पूर्व प्रशासकहरू सम्मिलित भएको सरकारले कर्मचारीहरूलाई खुशी पार्ने उद्देश्यले तलवमा सबैलाई समान हुने गरी १८ प्रतिशतले वृद्धि गरेर रू. १००० भत्ता दिने व्यवस्था गरेपनि विभिन्न कर्मचारी युनियनहरूले तलव वृद्धिप्रति रोष प्रकट गरेका छन् । बजेट पेश हुनुपूर्व कर्मचारी युनियनहरूले घटीमा ५० प्रतिशतले तलव वृद्धि हुनुपर्ने माग अर्थमन्त्रीसमक्ष राखेका थिए ।

अर्थमन्त्री कोइरालाले वजेट वक्तव्यमै कर्मचारीलाई अन्य सुविधा दिने विषयमा अध्ययन गर्न विज्ञहरू सम्मिलित कार्यदल बनाउने घोषणा समेत गरेका छन् । कर्मचारीका छोराछोरी श्रीमती वा श्रीमान् विरामी भएर तीनदिन भन्दा बढी अस्पतालमा भर्ना भएमा सहुलियत दिने व्यवस्था गरेका भएपनि अस्पताल सरकारी वा निजी पनि भन्ने कहीँ कतै उल्लेख गरीएको छैन । सरकारले निजामती कर्मचारीका छोरा छोरीहरूको लागि थप चारस्थानमा शिशु स्याहार केन्द्र स्थापना गर्ने र निजामतीका सबै कर्मचारीहरूका लागि पाँचलाख सम्मको स्वास्थ्य बिमा गरीदिने उद्घोष अर्थमन्त्रीले गरेका छन् । यसरी सबै क्षेत्रलाई खुशी पार्ने प्रयास गरिएपनि निजामती कर्मचारीहरू असन्तुष्ट भएका हुनाले बजेट कार्यान्वयनमा समस्या आउन सक्नेतर्फ सरकार सजग हुनैपर्ने देखिन्छ । रेग्मी सरकारको पहिलो दायित्व र कर्तव्य भनेको निर्वाचन गराउनु नै हो । त्यसैले सरकारले निर्वाचनको वातावरण बनाएर सबै दललाई निर्वाचनमा भाग लिन लगाएको खण्डमा मात्र रेग्मी सरकारको औचित्य पुष्टि हुन्छ ।

## निर्वाचन बिथोल्न...

भूमिका निर्वाह गर्नुपर्ने अवस्था सृजना भएको हुनाले त्यसै अनुसार अगाडि बढ्न नेता तथा कार्यकर्ताहरूलाई आग्रह गरेका थिए । निर्वाचन क्षेत्रमा खटेर निर्वाचन वहिस्कारमा जुट्न निर्देशन दिँदै आफ्नो चीन भ्रमणको बारेमा समेत जानकारी गराएका थिए । हालै पोखरामा सम्पन्न भएको नेकपा-माओवादीको केन्द्रीय समितिको बैठकले एक निर्वाचन क्षेत्र एक युवा प्रतिरोध दल गठन गरेर निर्वाचन विथोल्ने कार्यदिशा पारित गरेको थियो । चारदल र सरकारसँग वार्ता गर्न पार्टीले वार्ता टोली नै बनाइसकेको अवस्थामा वार्ताको वातवारण नबनेको हुनाले निर्वाचन बहिस्कारको निर्णय नै सही भएको ठहर गरेका थिए ।

सोही कार्यक्रममा बोल्दै पार्टीका उपाध्यक्ष सी.पी. गजुरेलले चीन भ्रमणले मुलुकको राजनीति तरंगित भएका भन्दै आफ्नो पार्टीलाई अन्तराष्ट्रिय समर्थन समेत जुट्दै गएको उद्घोष गरेका थिए । महासचिव रामबहादुर थापाले मुलुकलाई सिक्किमीकरण तर्फ धकेल्न संविधान सभाको निर्वाचनको पहल भइरहेको हुनाले जसरी भएपनि निर्वाचनलाई असफल पार्नु पर्ने बताएका थिए भने सचिवद्वय नेत्रविक्रम चन्द र देव प्रसाद गुरूङले सेना नभएको पार्टी कम्युनिस्ट पार्टी नहुने भन्दै पार्टीले फौजि संरचनाको निर्माण गर्नुपर्ने वताएका छन् । सचिव गुरूङले अगाडि भने -अहिलेको अवस्थामा निर्वाचन सम्भव नभएको हुनाले अब मुलुकभरकै कार्यकर्ताहरूलाई प्रशिक्षण दिने र तिनै प्रशिक्षित कार्यकर्ताहरूलाई परिचालन गरी निर्वाचन विथोल्ने उद्घोष गरेका हुनाले नेकपा-माओवादीले चारदल र सरकारसंग वार्ता गर्न टोली बनाएपनि केवल त्यो देखावटी मात्र भएको र आफूहरू निर्वाचन विरोधी नभएको देखाउनको लागि मात्र भएको जस्तो देखिएको छ ।

## साइड वर्कर्स...

ऐतिहासिक पहिचान ध्वस्त पार्ने भन्दै सम्झौता कार्यान्वयन गर्न नदिने भन्दै श्याम मानन्धरको अध्यक्षतामा संरक्षण समिति समेत गठन भएको थियो । मानन्धरका अनुसार र महानगरले गर्ने नहुने सम्झौता गरेको छ, सम्पदासम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी गर्दा दातृसंस्थाहरूसँग सहयोग लिँदा र भ्रमण गर्दासमेत वर्कसको सहभागिता अनिवार्य गराइएको छ ।

वर्कसले घरहरा सञ्चालन गर्ने जिम्मेवारी पाएपछि उसले हनुमानढोका घुम्नजाने पर्यटकहरूलाई जबरजस्ती धरहरा घुम्न लगाउने गरेको र एकहजार रूपैयाको प्याकेज बनाएर पर्यटकहरूलाई जबरजस्ती धरहरा घुम्न लगाउने गरेको हुनाले पर्यटकहरूमा नकरात्मक सन्देश जान सक्ने सम्भावना बढेर गएको छ । हाल हनुमानढोका दरबार संग्रालयका लागि २ सय ५० रूपैयाको टिकट लाग्छ तर प्याकेज टिकटमा हनुमानढोका दरबार संग्रहालयदेखि धरहारबाट दृष्यावलोकन गर्न सकिने टिकटमा उल्लेख गरी प्याकेज अवलोकनको नाम दिएको हुनाले वर्कसले महानगरपालिकासँग गरेको सम्झौता अविलम्व खारेज गरी महानगरले आफ्नो गल्ती सच्याउनु पर्ने आवश्यकता देखिएको छ । सम्झौतामा उल्लेख नै नगरिएको टिकट छाप्ने, टिकट काउन्टर सार्ने, टिकटदर तोक्न पाउने अधिकार साइड वर्कसलाई दिएको हुनाले उसले राज्यस्तरको व्यवहार गरिरहेको देखिएको र त्यहाँ सरकारको भूमिका शून्य सरह भएको हुनाले मानन्धर समितिले त्यस विषयमा संस्कृति तथा पर्यटन मन्त्रीलाई भेटेर हनुमान ढोका क्षेत्रको संरक्षणको लागि गम्भीर हुन आग्रह गरिसकेको मानन्धरले बताएका छन् ।

## अझ दुर्दशा...

दिउँसै तारा देखाउने खालका भनाइहरूको पछि नलागौँ !! अब आ-आफ्नो होश खोलौँ । चेतनालाई उघारौँ ! ०६२/६३ को भूठो धङधडीबाट आफूहरूलाई निकालौँ । तब मात्र हामी नेपालीहरूको कल्याण होला । नत्र यिनको लहैलहैमा लागिरहने हो भने हाम्रो अझ दूर्दशा हुनेछ, त्यो पक्का छ ।

# पर्यटन बोर्डमा कायमुकायम सिईओमा निरौला नियुक्त

*सुरेन्द्र सुवेदी*

काठमाडौं । नेपाल पर्यटन बोर्डमा रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत (सिईओ) पद नियुक्ति बिबाद मिल्न नसकेपछि सरकारले कायमुकायम सिईओ नियुक्ति गरेको छ ।

नेपाल पर्यटन बोर्ड कार्यकारी समितिको बैठकले सिईओको कार्यभार निमित्तको रूपमा चलाउँदै आएका वरिष्ठ निर्देशक सुभास निरौलालाई कायमुकायम सिईओ नियुक्ति गरेको हो । पर्यटन तथा नागरिक उड्यान मन्त्रालयका सचिव शुशिल घिमिरे अध्यक्ष रहेको समितिमा निजी क्षेत्रका ५ पर्यटन व्यवसायी, अर्थ, वन तथा भूसंरक्षण मन्त्रालय, नागरिक उड्यान प्राधिकरण, अध्यागमन विभागका महानिर्देशक सदस्य रहने व्यवस्था छ । समितिले बोर्डको सिईओका प्रत्यासी प्राडा हरिप्रसाद शर्मा, ज्ञानेन्द्ररत्न तुलाधर, विष्णुबहादुर जिसी, ज्ञानेश्वरप्रसादसिंह महतो, होमबहादुर गुरूङ, रघु बिष्ट, भूमीलाल लामा, लोकबहादुर खत्री, नारायणकृष्ण प्रधान, दीपकराज जोशी र शिवशरण थापा र निरौलामध्येबाट निरौलालाई नियुक्त गरेको हो ।

२०६८ कात्तिकमा तत्कालीन सिईओ प्रचण्डमान श्रेष्ठले उमेर हदका कारण अनिवार्य अवकास पाएपछि बोर्डमा सिईओ रिक्त थियो । सिईओ छनोट गर्न समितिले उपसमिति बनाउँदै आएकोमा बिबादबीच छनोट हुन सकेको थिएन । सुरुमा १८ जना प्रत्यासी रहेकामा लिस्टिङमा ६ जना बाहिरिएपछि १२ जनामात्र रहेका थिए ।

समितिले ध्रुबनारायण श्रेष्ठ र फुग्याल्जे शेर्पा रहेको सिईओ छनोट समिति गठन गरेको थियो । उक्त समिति नै अवैध भन्दै प्रत्यासीमध्येका ज्ञानेश्वरप्रसादसिंह महतोले स्गत जेठमा पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेका छन् । उक्त मुद्दा किनारा नलागेसम्म निरौलालाई सिईओको जिम्मा कायममुकाममा राखेर दिएको समितिका एक सदस्यले बताए । पर्यटन बोर्ड समिति निरौलालाई नै सिईओ नियुक्ति गर्ने निर्णयमा पुगे पनि पुनरावेदनमा मुद्दा रहेका कारण कायमुकाममात्र दिएको श्रोतको भनाइ छ ।

२ दशक लामो पर्यटन उद्योगमा अनुभव संगालेका निरौलाले देशको पर्यटन व्यवसायको स्तर उकास्ने बताए । उनले भने, 'समग्र पर्यटन उद्योगको विकासका लागि दीगो रणनीति बनाएर अघि बढ्नेछु ।' उनले निजी क्षेत्रलाई साथमा लिएर अपार संभावना रहेका पर्यटन क्षेत्रको प्रचार प्रसारदेखि बिदेशी पर्यटक भित्र्याउन आफू सक्रिय रूपले लाग्ने बताए ।


मिहिनेतको कमाइको सम्मान गर्ने बानी बसालौं, भ्रष्टाचारमुक्त समाजको निर्माणमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


# कलबाइपासमा संलग्न दुई सदस्य पक्राउ

काठमाडौं । नेपालमा बसेर विदेशी सिमकार्ड प्रयोग गरी भिओआइपीभन्दा अत्याधुनिक कलबाइपास सुरु गर्ने अन्तर्राष्ट्रिय गिरोहका दुईजना पक्राउ परेका छन् । नेपालमा कलबाइपासको धन्दा सुरु गरको दुई सातामै प्रहरीले दुई पाकिस्तानी नागरिकलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा एसी १८८५९५२ नम्बर राहदानीबाहक मोहमद असिफ र एसपी ९६७९३३१ राहदानीबाहक नविद उर रेहमान छन् । इन्टरनेसनल रभेन्यु सेयरिङ फ्रड (आइआरएसएफ) नामक प्रविधिबाट कलबाइपास गरी नेपालका दूरसञ्चार कम्पनीलाई दैनिक लाखौं घाटा पुऱ्याउँदै आएका थिए । 'आइआरएसफ भिओआइपीभन्दा डरलाग्दो प्रविधि रहेछ,' विशेष ब्युरोका प्रमुख डिआइजी बमबहादुर भण्डारीले भने, 'फोन गर्दा धेरै पैसा लाग्ने देशमा कल गराई उनीहरूले नेपालको टेलिकम कम्पनीहरूलाई ठगी गर्दै आएका थिए ।'

बेलायत र स्पेनको सिम कार्ड प्रयोग गरी उनीहरूले कलबाइपास गर्दै आएका थिए । पक्राउ परेका दुवै अन्तर्राष्ट्रिय गिरोहका साधारण कामदार मात्र भएको प्रहरी अनुसन्धानमा खुलेको छ । डिआइजी भण्डारीका अनुसार नेपालमा करिब महिना दिनअघि मात्र आइआरएसएफ प्रविधि सुरु गर्ने अन्तर्राष्ट्रिय गिरोहको सञ्जाल बेलायत, फिलिपिन्स, मलेसिया, पाकिस्तानलगायत देशमा देखिएको छ ।

सिमलाई कम्प्युटरको माध्यमबाट उनीहरूले विदेशको नम्बरमा सम्पर्क गराई कलबाइपास गर्दै आएका थिए । त्यसरी कलबाइपास गर्दा भने नेपाल टेलिकम तथा एनसेलको गेटवे प्रयोग हुँदै आएको थियो । आफ्नो गेटवे प्रयोग हुँदा उनीहरूले विदेशी कम्पनीलाई लाखौं रकम बुझाउनुपर्छ । तर, त्यसको फाइदा पनि सो गिरोहले लिँदै आएको थियो ।

अनुसन्धानमा आवद्ध प्रहरीका अनुसार सो गिरोहका कामदारहरूले नै महिनामै पाँच/सात हजार डलरसम्म कमाउने गरेको पाइएको छ । त्यस्ता गिरोहका कारण अफ्रिकामा कतिपय दूरसञ्चार कम्पनी नै डुबेका छन् ।

पक्राउ परेका दुईजनाविरूद्ध एनसेलले प्रहरीमा जाहेरीसमेत दिएको छ । महानगरीय प्रहरी परिसर काठमाडौंले उनीहरूविरूद्ध दूरसञ्चार ऐनअन्तर्गत कारबाही अघि बढाएको छ ।

पक्राउ परेका अभियुक्तको साथबाट प्रहरीले एउटा ल्यापटप, २६ वटा बेलायती सिमकार्ड, स्पेनको भोडाफोनको १७ वटा सिमकार्ड, पाकिस्तानको एउटा र २५ वटा मोबाइल सेटसमेत बरामद गरेको छ । समूहका केही ठूला व्यक्ति एक महिनाअघि सो प्रविधिको टेस्ट गरी त्यसमा सफल भएपछि दुई पाकिस्तानीलाई अपरेटरका रूपमा राखेर धन्दा सुरु गरेका थिए ।

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२७५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६९९, बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार